सबल अर्थतन्त्रको साझा विचार
# कर्पोरेट Times
Corporate Times Weekly
साप्ताहिक
❑ वर्ष: २ ❑ अंक: ५ ❑ ०१ भदौ २०८२, आइतबार ❑ 17 August 2025, Sunday ❑ corporatetimes.com.np ❑ पृष्ठ: ८ ❑ मुल्य रु: २०/-

# ७५ करोड ऋण डेढ दशकमा साढे ४ अर्ब नाघ्यो, हदबन्दी छुटको पर्खाइमा भृकुटी कागज

प्रविण रिजाल/ काठमाडौं

५०/६० को दशकमा देशमा खपत हुने कागजको करिब ५० प्रतिशत हिस्सा ओगटेको गैंडाकोट स्थित नारायणी किनारमा रहेको भृकुटी कागज कारखाना विगत डेढ दशक देखि टिनले बारेर राखिएको छ । सरकारी लगानीमा सञ्चालनमा आएको भृकुटीलाई २०४६/४७ को प्रथम जनआन्दोलन पछि निजीकरणले छोयो । जसका कारण २०६७ सालमा व्यवस्थापन पक्षले एकलौटी ढङ्गले सूचना टाँस गरी बन्द भयो ।

२ दशकमा सरकारी नाफाको संस्थाले निजीकरण हुँदै अवसानको बाटोसम्म आइपुग्यो । चीन सरकारले नेपाललाई कागजमा आत्मनिर्भर बनाउन भन्दै, २०३९ सालमा भृकुटी कागज कारखाना निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । २०४६/४७ को प्रथम जनआन्दोलनले ल्याएको बहुदल भृकुटीलाई लाग्यो र २०४९ सालमा निजीकरण भएर गोल्छा समूहले किनेको थियो । त्यस पछि यसका दूर दिनहरू सुरु भए । तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले राज्यको दायित्व निजी क्षेत्रलाई सार्दै जाने नीति अनुरूप भृकुटी कागज कारखानालाई २०४९ सालमा गोल्छा अर्गनाइजेसन, काभ्रा समूह र कन्क्राफ्टलाई सबै जमिन र संरचना सहित कौडीको भाउमा बेचेको थियो ।

६० बिगाहा जमिनसहित तत्कालीन अवस्थामा दैनिक ८ टन कागज उत्पादन गर्ने कारखाना १७ करोडमा किनेको भनिए पनि जम्मा १२ करोड ९८ लाखमा उनीहरूले भृकुटी हात पारेका थिए । पछि सञ्चालकले ८ बिगाहा जमिन अलग्गै बेचे । भृकुटी कागज कारखानाका हाल मुख्य सञ्चालकमा गोल्छा समूहका दिवाकर गोल्छा हुन्, जो २०६४ सालको संविधानसभा निर्वाचनमा काँग्रेसको कोटाबाट समानुपातिक सभासद्समेत बनेका थिए । हाल उनी दिवंगत भई सकेका छन् भने उनका छोरा शेखर गोल्छा कम्पनीका प्रबन्धकका रूपमा रहेका छन् । त्यस्तै भृकुटी पल्प एन्ड पेपर नेपाल लिमिटेडका हाल सञ्चालकमा हितेश गोल्छा प्रमुख कार्यकारी अधिकृत रहेका छन् ।



भृकुटी कागज कारखाना सञ्चालनका लागि राज्य पक्षबाट बारम्बार प्रयासहरू नभएका पनि हैनन् । तर निजीकरणका नाममा सञ्चालन हत्याएको गोल्छा अर्गनाइजेशले चासो नदिँदा खण्डहरमा परिनत हुँदै गएको छ । कारखानामा कार्यरत कर्मचारीले २०६१ साल यता कुनै पारिश्रमिक समेत पाएका छैनन् । विगतमा उनीहरूले तलबका लागि बारम्बार सरकार र गोल्छा समूह सँग सम्झौता गरे पनि कुनै रकम पाउन सकेका छैनन् । कयौं कर्मचारी भने दिवंगत भएका भए सकेका छन् त कयौंले आफ्नो पसिनाको मूल्य पाउने आस मारिसकेका छन् ।

**पारिश्रमिक आशामा जीवन सकियो**

भृकुटी पल्प एन्ड पेपर नेपाल लिमिटेडमा काम गरेका सयौं कर्मचारी अहिले पनि पारिश्रमिक पर्खिरहेका छन् । उद्योगमा काम गर्ने भएपछि देशका विभिन्न ठाउँबाट बसाइ सरेर आएकाहरू नै अहिले चिहान कुर्दै छन् भने केहिको त मृत्यु नै भइसकेको छ । उनीहरूको करिब रु ३५ करोड पारिश्रमिक दिनै पाउनै बाँकी छ । अझ संचालकले त बारम्बार उनीहरूसँग सावाँ व्याज समेत भुक्तानी गर्ने भन्दै सम्झौता गर्दै आएको छ । तत्कालीन अवस्थामा नेपाल सरकारको स्वामित्वमा रहेको भृकुटी कागज कारखानालाई १७ करोडमा *(बाँकी पृष्ठ ४ मा)*


# अनलाईन भुक्तानी नियमनमा नरहे २० लाख रूपैयाँसम्म जरिवाना




काठमाडौं । अब अनलाईन भुक्तानी सेवा प्रदायक संस्थाहरूले सरकार र युएन लगायतका निकायले वित्तीय कारोबारका लागि प्रतिबन्ध लगाएकाहरूबाट हुन सक्ने कारोबारको निगरानी गर्ने भएको छ । हालै सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा पालना गर्नुपर्ने नियम पालना नगरेको भन्दै नेपाल दुई वर्षको लागि ग्रे लिस्टमा परेपछि यस्ता कारोबारको निगरानी बढाइएको हो।फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) को एसिया प्रशान्त समूह (एपिजी) ले नेपाललाई 'ग्रे' सूचीमा राखेको छ।

अन्तर्राष्ट्रिय शान्ति-सुरक्षाविरुद्ध गतिविधि, आतंकवाद, वा विनाशकारी हतियारको प्रसारमा संलग्न व्यक्तिलाई आर्थिक स्रोतबाट वञ्चित गराउने उद्देश्य अनुसार वित्तीय प्रतिबन्ध लगाएकाहरूबाट हुन सक्ने कारोबारको निगरानी गर्न लागिएको हो। यसको लागि भुक्तानी प्रदायक संस्थाहरूले युएन र गृहमन्त्रालयको वित्तीय प्रतिबन्ध सूचीमा रहेकाहरूको नियमित जानकारी लिनुपर्ने *(बाँकी पृष्ठ ४ मा)*

# अर्थ मन्त्रालयको पहिलो 'वित्तीय जोखिम' प्रतिवेदन सार्वजनिक




काठमाडौं । अर्थ मन्त्रालयले देशको वित्तीय प्रणालीमा रहेका प्रमुख जोखिमहरूको पहिचान गर्दै पहिलो पटक 'वित्तीय जोखिम विवरण तथा रणनीति' प्रतिवेदन सार्वजनिक गरेको छ। मंगलबार जारी प्रतिवेदनमा भविष्यमा आउन सक्ने वित्तीय सङ्कट टार्न विस्तृत जोखिम विश्लेषण र समाधानका रणनीतिहरू समावेश गरिएको छ । प्रतिवेदनले सरकारको महत्वाकाङ्क्षी राजस्व अनुमान र वास्तविक सङ्कलनबीचको ठुलो अन्तरलाई 'उच्च असर' पार्ने र 'हुने सम्भावना प्रबल' रहेको जोखिमका रूपमा देखाएको छ। यस्तो गलत अनुमानले विकास आयोजना बजेट कटौती र आर्थिक वृद्धिमा नकारात्मक असर पार्ने निष्कर्ष निकालिएको छ। यस्तै, देशका ४४ सार्वजनिक संस्थानको कमजोर आर्थिक अवस्था र बढ्दो दायित्व अर्को प्रमुख जोखिम बनेको छ। नेपाल वायुसेवा निगम र नेपाल आयल निगमजस्ता संस्थानको वित्तीय अवस्था सरकारी ढुकुटीमा भार पर्ने सम्भावना रहेको प्रतिवेदनमा उल्लेख छ। यसलाई 'मध्यम असर' तर 'हुन सक्ने' जोखिमको श्रेणीमा राखिएको छ। अन्य जोखिममा आर्थिक वृद्धिदरको अस्थिरता, मुद्रास्फीति वृद्धि, प्राकृतिक प्रकोप (भूकम्प, बाढी, पहिरो) तथा सङ्घीय संरचनापछि प्रदेश र स्थानीय तहमा देखिएको *(बाँकी पृष्ठ ४ मा)*

**कर्पोरेट टाइम्स साप्ताहिकका लागि**

प्रधान-सम्पादक/प्रकाशक: चेत नारायण पाण्डेय
Editor-In CheifPublisher: Chet narayan Pandey

सम्पादक: गोविन्द देवकोटा
Editor: Govinda Devkota

सह-सम्पादक: दिपक पौडेल
Co-Editor: Dipak Poudel

व्यवस्थापक: राजन न्यौपाने
Manager: Rajan Neupane

संवाददाता: जेपी लम्साल, नरेन्द्र चालिसे, धर्मेन्द्र पाण्डे, प्रविण रिजाल, निराजन परियार, डिल्ली शाही

लेआउट: कर्पोरेट टाइम्स डेस्क

मुद्रण: सप्तर्षि पब्लिकेशन प्रा. लि, चावहिल

कार्यालय: जोरपाटी, काठमाडौं ।
शाखा कार्यालय: ठमेल, काठमाडौं ।
फोन: ९७०६२४७४००
इमेल: corporatetimes0@gmail.com

## सम्पादकीय

# बैंकहरुको नाफा वृद्धि र वास्तविक अर्थतन्त्रको चुनौती

*हालै सार्वजनिक भएका वित्तीय तथ्याङ्कले नेपालको बैंकिङ क्षेत्रको नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा उल्लेखनीय रूपमा बढेको देखाउँछ। औसत रूपमा ४३ प्रतिशतभन्दा बढीको नाफा वृद्धि, सतही रूपमा हेर्दा, बैंकिङ प्रणालीको स्वास्थ्य र व्यवस्थापन क्षमताको सूचक जस्तो देखिन्छ। तर, यो वृद्धि कति हदसम्म दीर्घकालीन, उत्पादनमुखी र अर्थतन्त्रमा प्रत्यक्ष योगदान पुर्‍याउने हो, त्यसबारे गहिरो बहस आवश्यक छ। नाफा वृद्धि सबै संस्थामा समान रूपमा आएको छैन। केही बैंकमा वृद्धि असामान्य रूपमा सयौँ वा हजारौँ प्रतिशतसम्म पुगेको छ, जसको कारण प्रायः एक पटकका असामान्य आम्दानी, विलय-गठनपछि देखिएका लेखापरीक्षणीय लाभ, वा जोखिमयुक्त लगानीबाट प्राप्त छोटो अवधिको फाइदा हुन सक्छ। यस्तै, केही बैंकमा नाफा घट्नु प्रतिस्पर्धा तीव्र हुनु, ब्याजदर घट्दा मार्जिन घट्नु, वा गुणस्तरीय ऋण प्रवाहमा कमी आउनु जस्ता कारणले भएको देखिन्छ। यी अन्तरहरूले बैंकिङ क्षेत्रभित्रको संरचनात्मक विविधता र जोखिमको स्तर दुवैलाई स्पष्ट पार्छ।*

*वर्तमान वित्तीय प्रणालीमा तरलताको अभाव छैन। निक्षेप प्रशस्त छ, तर त्यो पुँजी गुणस्तरीय र उत्पादनमुखी क्षेत्रमा प्रवाह हुन सकेको छैन। मौद्रिक नीतिले ब्याजदरमा केही सहजता ल्याए पनि निजी क्षेत्रको ऋण माग अझै कमजोर छ। यसले बैंकलाई ब्याज आम्दानी, सेवा शुल्क र लगानी आयमार्फत नाफा बढाउन सजिलो बनाएको छ, तर वास्तविक उत्पादन र रोजगारी सिर्जनामा यसले तत्काल प्रभाव पारिरहेको छैन। बजार र उत्पादनको सम्बन्ध यस सन्दर्भमा प्रत्यक्ष छ। बजारमा उपभोगको माग सुस्त हुँदा उत्पादन विस्तारमा अवरोध आउँछ, जसले पुनः बजारको आकार र गतिलाई सीमित बनाउँछ। उत्पादनशील क्षेत्र–कृषि, उद्योग, पर्यटन, ऊर्जा–मा पर्याप्त पुँजी प्रवाह नपुग्दा रोजगारी सिर्जना र आय वृद्धि पनि स्थायी रूपमा सम्भव हुँदैन। यदि वित्तीय नाफा कागजमै सीमित रह्यो र त्यसको ठुलो हिस्सा उत्पादन र बजार विस्तारमा पुनः लगानी भएन भने, आर्थिक वृद्धि असन्तुलित रहिरहनेछ।*

*नेपालमा लगानीका अवसरको अभाव छैन। ऊर्जा क्षेत्रमा जलविद्युत् र नवीकरणीय ऊर्जा, पूर्वाधार क्षेत्रमा सडक, पुल, यातायात, कृषि क्षेत्रमा प्रशोधन उद्योग, पर्यटन क्षेत्रमा नयाँ गन्तव्य विकास, तथा सूचना प्रविधिमा डिजिटल सेवा र स्टार्टअप–यी सबैमा दीर्घकालीन प्रतिफल दिने क्षमता छ। भौगोलिक विविधता र जनसंख्याको खपत क्षमताले नयाँ बजार सिर्जना गर्ने सम्भावना पनि प्रशस्त छ। तर यस्ता अवसरलाई उपयोग गर्न नीति, पूर्वाधार र कार्यान्वयन क्षमतामा ठुलो सुधार आवश्यक छ। चुनौतीहरू भने उत्तिकै गम्भीर छन्। नीतिगत अनिश्चितताले लगानीकर्ताको विश्वास कमजोर पार्छ। कर संरचना र वैदेशिक लगानीका नियम बारम्बार बदलिनु, पूर्वाधारको अभाव, बजार पहुँचको कमी, तथा उच्च उत्पादन लागतले प्रतिस्पर्धात्मकता घटाउँछ। राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप र अन्तर्राष्ट्रिय बजारको उतारचढावले पनि दीर्घकालीन लगानीका लागि जोखिम बढाउँछ। यसै कारण, धेरै बैंक र निजी लगानीकर्ताले छोटो अवधिमा उच्च प्रतिफल दिने क्षेत्रमा पुँजी केन्द्रित गर्छन्, जसले उत्पादन र रोजगारीमा दीर्घकालीन सुधार ल्याउन सक्दैन।*

*यस परिस्थितिमा, वित्तीय नाफालाई मात्र सफलता ठान्ने प्रवृत्ति बदल्नु जरुरी छ। नाफा वृद्धि र आर्थिक विकासबिचको अन्तरलाई घटाउन बैंकहरूले उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्छ, सरकारले दीर्घकालीन स्थिर नीति ल्याउनुपर्छ, र निजी क्षेत्रले नवप्रवर्तन तथा बजार विस्तारमा अग्रसर हुनुपर्छ। पुँजी बजारलाई दिगो बनाउन, पूर्वाधारमा निजी लगानी आकर्षित गर्न र व्यावसायिक वातावरण सुधार गर्न राज्यको भूमिकामा स्पष्टता र प्रतिबद्धता आवश्यक छ। अन्ततः, नेपालको अर्थतन्त्रको स्वास्थ्य केवल बैंकको नाफा सूचकांकले मापन गर्न सकिँदैन। त्यो नाफा बजार, उत्पादन र रोजगारीमा कस्तो योगदान पुर्‍याउँछ भन्ने नै वास्तविक सूचक हो। यदि वित्तीय प्रणालीले आफ्नो लाभांश क्षमतालाई उत्पादन र रोजगारी सिर्जनामा परिणत गर्न सकेन भने, नाफा वृद्धि केवल सांख्यिकीय उपलब्धि मात्र हुनेछ। अब समय आएको छ–बैंक, बजार र उत्पादनबिचको सम्बन्धलाई मजबुत बनाउँदै, लगानीका अवसरहरूलाई चुनौतीबिच पनि प्रयोगमा ल्याउने। यही बाटोले मात्र नाफा वृद्धि र दीर्घकालीन आर्थिक समृद्धिलाई एउटै रेखामा ल्याउन सक्नेछ।*

# नेपालका मुल संकटहरू - भ्रष्टाचार, बेरोजगारी, अस्थिरता सबैको मूल जड नै नैतिकताको अभाव



प्रेमचन्द्र झा

नैतिकता भन्नाले सच्चा कुरा बोल्नु, राम्रो व्यवहार गर्नु, गलत काम नगर्नु, अरूको सम्मान गर्नु, इमानदार हुनु र आफ्नो कर्तव्य पुरा गर्नु नै नैतिकता हो। यो कुनै किताबमा मात्र लेखिएको कुरा होइन, हाम्रो जीवनको हरेक पाटोमा लागू हुने व्यवहार हो। हामी कुन कुरालाई राम्रो र कुन कुरालाई नराम्रो मान्छौं भन्ने कुरा पनि नैतिकताको आधारमा तय हुन्छ। नेपाल जस्तो विविधताले भरिएको देशमा, जहाँ विभिन्न जात, धर्म, भाषा र संस्कृतिका मानिसहरू एउटै समाजमा बस्छन्, त्यहाँ नैतिकता झनै महत्वपूर्ण हुन्छ। जब व्यक्ति, परिवार, समाज, संस्था, र राज्य सबैमा नैतिकता हुन्छ, तब मात्र एउटा सभ्य, समृद्ध र न्याययुक्त देश बन्न सक्छ।

तर अहिलेको समयमा नेपालमा नैतिकताको स्थिति कमजोर हुँदै गएको छ। मानिसहरू पैसा, पद, पहुँच र व्यक्तिगत फाइदाको पछि लागेर नैतिक मूल्य भुल्दै गएका छन्। राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, कृषि, सेवा सबै क्षेत्रमा अनैतिकता बढ्दो छ। यस्तो अवस्थामा नैतिकता के हो, कसरी हराउँदै गइरहेको छ, र कसरी पुनःस्थापना गर्न सकिन्छ भन्ने बारे गहिरो रूपमा बुझ्नु आजको आवश्यकता हो।

नैतिकता भनेको आत्मभान हो–आफ्नो व्यवहार, निर्णय र सोचमा के सही हो, के गलत हो भन्ने छुट्याउने चेतना। नैतिकता कुनै कानून होइन, तर यसले कानुनभन्दा गहिरो असर पार्छ। जसको मनभित्र नैतिकता हुन्छ, उसले कसैले नहेर्दा पनि राम्रो काम गर्छ, झूट बोल्दैन, चोरी गर्दैन, अरूलाई दुख नदिई आफ्नो काम गर्छ। नैतिकता जीवनका धेरै पक्षसँग जोडिएको हुन्छ–जस्तै सत्यता, ईमानदारी, सहिष्णुता, कर्तव्यबोध, करुणा, अनुशासन, जिम्मेवारी, आत्मसंयम, सेवा भावना, र पारदर्शिता। जब यी गुणहरू व्यक्ति र संस्थामा हुन्छन्, तब नै समाज न्यायपूर्ण र सुरक्षित हुन्छ।

नेपालमा सबैभन्दा बढी नैतिकताको प्रश्न राजनीति क्षेत्रमा उठाइन्छ। नेताहरूले चुनावमा जनतालाई अनेक वाचा गर्छन्–तर सरकार बनेपछि ती वाचा बिर्सिन्छन्। पदको दुरुपयोग, भ्रष्टाचार, आपसी लडाइँ, भागबन्डा र पहुँचको राजनीति आज नेपाली राजनीतिमा सामान्य बनिसकेको छ। कतिपय नेताहरू जनताको सेवा गर्नुको सट्टा सत्तामा टिकिरहन, आफन्त र कार्यकर्तालाई लाभ दिन, र आफू धनी बन्न राजनीति गर्छन्। दलहरूले घोषणा पत्रमा जे लेख्छन्, व्यवहारमा त्यो देखिँदैन। संसद जस्तो उच्च निकायमा पनि विचारभन्दा शक्ति प्रदर्शन बढी देखिन्छ।

राजनीतिमा नैतिकता भन्नाले सत्ताको लोभ नलिने, जनतासँग गरेको वाचा पुरा गर्ने, सार्वजनिक सम्पत्तिलाई आफ्नो सम्पत्ति नठान्ने, पारदर्शी निर्णय गर्ने, भ्रष्टाचार नगर्ने, र राष्ट्रहितलाई प्राथमिकता दिने–यिनै हुन् राजनीतिक नैतिकताको मूल तत्व। जब नेताहरू नैतिक हुन्छन्, तब मात्र जनताले पनि राजनीतिलाई सम्मान गर्न थाल्छन्।

सरकारी कर्मचारीहरूलाई प्रायः "जनताको सेवक" भनिन्छ। तर आजको यथार्थ त्यो भन्दा धेरै टाढा छ। सरकारी कार्यालयमा काम गराउन जानु भनेको घण्टौँ कुर्नु, फाइल खोज्नु, सिफारिस ल्याउनु, र कहिलेकाहीं घूस खुवाउनु भन्ने बुझिन्छ। धेरैजसो कर्मचारीहरू काममा ढिलो पुग्छन्, समयमै फाइल नहेर्छन्, सेवाग्राहीलाई हेलचेक्र्याउँ गर्छन्। कतिपयले त ठूला नेतासँगको सम्बन्ध देखाएर गैरकानुनी काम गरिदिन्छन्। सरकारी योजना, अनुदान, ठेक्कापट्टा, भर्ना, सरुवा आदि सबैमा पारदर्शिता नभएको गुनासो सर्वत्र सुनिन्छ। राष्ट्रसेवक कर्मचारीहरूमा कार्यक्षमता, समयपालन, निष्पक्षता, उत्तरदायित्व, सेवा भावना, इमानदारी, र कर्तव्यप्रति निष्ठा हुन जरुरी छ। जब कर्मचारीहरू आफ्नो कामलाई धर्म सम्झेर गर्छन्, तब जनताले पनि सरकारी सेवा प्रति भरोसा राख्न थाल्छन्।

महिला समाजको आधा हिस्सा हुन्। उनीहरू घर, समाज र राष्ट्रको विकासमा समान रूपमा महत्वपूर्ण छन्। तर लामो समयसम्म महिलालाई दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार गरिएको इतिहास छ। पछिल्ला वर्षहरूमा शिक्षा, रोजगार, राजनीति, र कानुनी अधिकारमा प्रगति भए पनि व्यवहारिक रूपमा महिला अझै पनि धेरै समस्यामा छन्। केही महिला सशक्त भए पनि अवसरको दुरुपयोग, पहुँच र राजनैतिक संलग्नताका कारण अनैतिक गतिविधिमा पनि संलग्न भएको पाइन्छ। कतिपय महिलाले योजनाको नाममा लाभ लिने तर काम नगर्ने, संगठित रूपमा दबाब दिने, पदको दुरुपयोग गर्ने गरेका उदाहरण पनि छन्। महिलामा आत्मसम्मान, पारिवारिक जिम्मेवारी, सामाजिक न्यायमा विश्वास, ईमानदारी, र सहिष्णुता हुन जरुरी छ। महिला सशक्तीकरण केवल कानुनी अधिकारले मात्र होइन, नैतिक जिम्मेवारीले पनि पूर्ण हुन्छ।

विद्यार्थीहरू राष्ट्रको भविष्य हुन् भन्ने भनाइ सबैले सुनिसकेका छन्। तर आजका विद्यार्थीहरू राजनीतिक दलका समर्थक भएर आफू पढ्न भन्दा बढी अरूलाई दबाब दिने काममा लागेका छन्। शिक्षण संस्था भित्र हड्ताल, तोडफोड, गुरु-शिष्य सम्बन्धमा गिरावट, नकल, अनुशासनहीनता आदिले नैतिक मूल्य खस्किरहेको देखिन्छ। शिक्षा भनेको केवल किताबको ज्ञान होइन, जीवनको आचरण हो। विद्यार्थीमा समयको मूल्य बुझ्ने, इमानदारीपूर्वक अध्ययन गर्ने, शिक्षक र अभिभावकको सम्मान गर्ने, विचार र व्यवहारमा सन्तुलन राख्ने क्षमता विकास हुनु आवश्यक छ।

नेपालको ठूलो जनसंख्या कृषि पेशामा निर्भर छ। किसानहरू देशका मेरुदण्ड हुन् भन्ने कुरा सबैले भन्छन्, तर उनीहरूको अवस्था भने दिनदिनै कमजोर हुँदै गइरहेको छ। सरकारले घोषणा गर्ने अनुदान, सहुलियत ऋण, बीउबिजन र मलखाद समयमै किसानसम्म पुग्दैन। कतिपय अवस्थामा किसानहरू आफू उत्पादन गर्नुभन्दा पनि विदेशबाट आएको वस्तु उपभोग गर्न बाध्य छन्। केही किसानले अनुदानको दुरुपयोग गर्ने, झूटा कागजात बनाउने, सहकारीमा अनियमितता गर्ने जस्ता व्यवहार पनि देखिन्छ। यस्तो प्रवृत्तिले सबै किसानको नाम बदनाम हुन्छ। अर्कातर्फ, सरकारको कमजोरी र बजार व्यवस्थापनको अभावले गर्दा पनि किसानहरू हतोत्साहित भएका छन्। किसानमा इमानदारी, सहयोगी भावना, पारदर्शिता र मिसावटविहीन उत्पादन गर्नु अत्यावश्यक हुन्छ।

व्यापारीहरू समाजका आर्थिक इञ्जिन हुन्। उनीहरूकै माध्यमबाट सामान, सेवा र उत्पादन जनतासम्म पुग्छ। तर आज नेपालमा व्यापारिक नैतिकता कमजोर हुँदै गएको छ। नाफा कमाउने लोभमा नापतौलमा बेइमानी, म्याद सकिएको सामान बेच्ने, गुणस्तरहीन उत्पादन, मिसावट, कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, कर नतिर्ने, सरकारी अनुगमन छल्ने जस्ता कार्यहरू देखिन्छन्। व्यापार केवल मुनाफाका लागि होइन, समाजप्रतिको उत्तरदायित्वसहितको पेशा हो। ग्राहक ठगेर कमाएको पैसा दीर्घकालीन हुँदैन। व्यापारीमा सत्य र पारदर्शी कारोबार, गुणस्तरको सम्मान, करको पालन, ग्राहकको सम्मानजस्ता गुण आवश्यक छन्।

नेपालमा विभिन्न पेशा गर्ने व्यक्तिहरू–जसमा डाक्टर, इन्जिनियर, पत्रकार, शिक्षकजस्ता सम्मानित व्यक्तिहरू छन्–तिनीहरूलाई समाजले ठूलो आदर गर्छ। तर हालका दिनमा यिनै पेशामा पनि नैतिकताको गिरावट देखिँदै गएको छ। डाक्टरहरूमा करुणा, संवेदनशीलता, समयको कदर, र बिरामीप्रतिको सहानुभूति अत्यावश्यक छ। इन्जिनियरहरूमा गुणस्तरीयता, पारदर्शिता, प्राविधिक इमानदारी, र राष्ट्रप्रतिको जिम्मेवारी जरुरी छ। पत्रकारहरूमा सत्य, निष्पक्षता, स्रोतको गोपनीयता, र जनताको हितमा काम गर्ने भावना हुनुपर्छ। शिक्षकहरूमा आत्मबल, ज्ञानको निष्ठा, विद्यार्थीप्रतिको माया, र साँचो गुरु बन्ने भावना अनिवार्य छ।

आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको हो ।आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको प्रभाव अहिलेको समाजमा अत्यन्त बलियो छ। सूचना, समाचार, विचार, बहस र चेतना जनतासम्म पुर्‍याउने काम यिनै माध्यमबाट हुन्छ। तर सूचना भन्दा अफवाह, सत्य भन्दा सनसनी, शिक्षाप्रद कुरा भन्दा विवादास्पद सामग्रीहरू बढी प्रस्तुत हुने क्रम बढेको छ। कुनै पनि विषयको पुष्टि नगरी समाचार बनाउने, वा सामाजिक संजालमा अफवाह फैलाउने काम बढ्दो छ। कतिपय मिडिया संस्थाहरू राजनीतिक स्वार्थमा काम गरिरहेका छन् भने कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अरूको चरित्र हत्या गर्न, जातीय घृणा फैलाउन वा झूठो समाचार फैलाउन सक्रिय देखिन्छन्।

संचार माध्यम र सामाजिक सञ्जालमा सत्य, विवेक, शिष्टता, र सहनशीलता हुनु अत्यावश्यक छ। जसरी कागजको समाचार विश्वासिलो हुनुपर्छ, त्यसैगरी डिजिटल पोस्ट पनि साँचो, प्रमाणमा आधारित र समाज हितमा हुनुपर्छ। अरूको गोपनीयता, आत्मसम्मान, र सामाजिक सद्भावलाई असर पुर्‍याउने कुनै पनि सूचना अनैतिक हुन्छ। त्यसैले मिडिया र सामाजिक संजाल प्रयोगकर्ताले आफू जिम्मेवार नागरिक भएको प्रमाण दिनुपर्छ।

हाम्रो समाजको आधार भनेको नागरिक नै हो। हरेक नागरिकले आफू जहाँ छ, जस्तो छ, त्यहींबाट नैतिक व्यवहार गर्न सुरु गरे भने समाज बदलिन धेरै समय लाग्दैन। सार्वजनिक ठाउँमा फोहोर नगर्नु, लाइनमा पालो पालना गर्नु, कर तिर्नु, झूट नबोल्नु, सवारी नियम पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, छिमेकीसँग सहिष्णु व्यवहार गर्नु–यी सबै साधारण लाग्ने कामहरू नै हाम्रो नैतिकता हो।

कहिलेकाहीं हामी कानुन नलाग्ने ठाउँमा जानीजानी अनैतिक काम गर्छौं, जस्तो–पानी चोरेर सिंचाइ गर्नु, लोडसेडिङमा अनधिकृत लाइन जोड्नु, वा चाडपर्वमा मादक पदार्थ सेवन गरेर होहल्ला गर्नु। यस्ता व्यवहारले समाजको अनुशासन मात्र होइन, हाम्रो व्यक्तित्व पनि कमजोर पार्छ। नैतिक नागरिक बन्ने काम स्कूल, धर्म, समाज वा सरकारको मात्र जिम्मा होइन–व्यक्ति स्वयंको हो। सानैदेखि यो चेतना विकास गरे मात्रै दीर्घकालीन प्रभाव पर्छ।

नैतिकता समाजमा पुनःस्थापना गर्नका लागि धैरै उपायहरू अपनाउन सकिन्छ। पहिलो, हाम्रो शिक्षा प्रणालीमा नैतिक शिक्षा अनिवार्य हुनुपर्छ, बाल्यकालदेखि नै मूल्य-आधारित शिक्षा दिनुपर्छ। विद्यार्थीलाई केवल परीक्षा पास गर्ने होइन, राम्रो मानिस बन्ने शिक्षामा जोड दिनुपर्छ। दोस्रो, शिक्षक, अभिभावक र समाजले केवल उपदेश होइन, व्यवहारबाट उदाहरण देखाउनुपर्छ। तेस्रो, धार्मिक र सांस्कृतिक संस्थाहरूले मानवता र सदाचारको प्रचार गर्नुपर्छ, अन्धविश्वास होइन। चौथो, सामाजिक सञ्जालमा प्रयोगकर्तालाई सचेत बनाउने अभियानहरू चलाउनुपर्छ, जसले साइबर मर्यादा सिकाउँछ। पाँचौं, भ्रष्टाचार, अनियमितता, र पदको दुरुपयोग गर्नेलाई जुनसुकै तहको व्यक्ति भए पनि कानुनी रूपमा कडा कारबाही गरिनुपर्छ। छठौँ, सामुदायिक तहमा नैतिक बहस, गोष्ठी, नाटक, चित्रकला, कविता, लेखनजस्ता सृजनात्मक कार्यक्रमबाट चेतना फैलाउनुपर्छ। अन्तिममा, नैतिक व्यक्ति, संस्था वा नेतृत्वलाई सार्वजनिक रूपमा सम्मान गर्ने संस्कार बसाल्नुपर्छ, जसले समाजमा राम्रोको प्रेरणा दिन्छ।

नैतिकता भन्नु केवल आदर्श होइन, व्यवहार हो। यो हाम्रै बोली, चालचलन, सोच, कर्म, सम्बन्ध र जिम्मेवारीमा झल्किन्छ। जब मानिसहरूमा नैतिकता बलियो हुन्छ, तब समाज स्वतः सुरक्षित, न्यायपूर्ण र शान्त हुन्छ। तर जब नैतिकता कमजोर हुन्छ, तब कानुनले मात्र सबै कुरा रोक्न सक्दैन। नेपालमा आज जुन संकटहरू छन्–भ्रष्टाचार, बेरोजगारी, राजनीतिक अस्थिरता, सेवा प्रवाहमा कमजोरी, शिक्षा र स्वास्थ्यमा गिरावट, सामाजिक असहिष्णुता–यी सबैको मूल कारण नै नैतिकताको कमी हो। जब व्यक्ति, संस्था, र राज्य नैतिक बन्छ, तब कानुन, नीति, योजना र विकास स्वाभाविक रूपमा सफल हुन्छन्।

त्यसैले अब समय आएको छ कि हामी सबै–राजनीतिज्ञ, कर्मचारी, महिला, विद्यार्थी, किसान, व्यापारी, पेशाकर्मी, मिडिया, र सामान्य नागरिक–आ-आफ्नो ठाउँबाट नैतिकता अभ्यासमा लागौं। त्यसैबाट मात्रै साँचो परिवर्तन सम्भव हुन्छ। व्यक्तिको आत्मा शुद्ध भए समाज स्वतः सबल हुन्छ। अनि मात्र राष्ट्र बन्न सक्छ–न्याययुक्त, समावेशी, स्वाभिमानी र समृद्ध।

*(झा,नेपाल पत्रकार महासंघ रौतहट शाखाका पुर्व अध्यक्ष हुन ।)*

# दुई वर्षभित्र पनि 'ग्रे लिस्ट' बाट निस्कन नेपाललाई मुस्किल

चेत नारायण पाण्डेय / काठमाडौं

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधि मामिलामा निगरानी राख्ने अन्तर र्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को 'ग्रे लिस्ट' बाट नेपाललाई छिटो बाहिर ल्याउन प्रभावकारी अनुसन्धान, अभियोजन र सुपरिवेक्षण चुनौतीपूर्ण रहेको विज्ञहरूले औंल्याएका छन्। सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुसन्धान र कानुन कार्यान्वयनमा राजनीतिक नेतृत्वले उपेक्षा गरेको र अब पनि उस्तै गल्ती दोहोऱ्याए तोकिएको समय अर्थात् दुई वर्षभित्र 'ग्रे लिस्ट' बाट बाहिरिन मुस्किल हुने उनीहरूको तर्क छ। सरकारको प्राथमिकता तथा राज्यका निकायको कामको गति हेर्दा तोकिएको समयमै नेपाल 'ग्रे लिस्ट' बाट बाहिरिन मुस्किल हुने विज्ञहरूको भनाइ छ। 'सुरुको अवस्थामा राज्यका सबै निकाय तातेका थिए। सोहीअनुसारको नीति-नियम बनाइयो पनि। अहिले ती नीति निर्देशन कार्यान्वयन गर्ने बेला आएको छ।

यसको प्रक्रिया जुन गतिमा अघि बढ्नुपर्थ्यो, त्यो हुन सकेको छैन,' स्रोतले भन्यो, 'ग्रे लिस्टमा परेपछि पहिलो चौमासमा घरजग्गा, क्यासिनो, सुनचाँदी र सहकारी क्षेत्रका लागि सम्पत्ति शुद्धीकरण निर्देशिका जारी गर्नुपर्ने थियो। जसमा तीन क्षेत्रको निर्देशन अन्तिम मितिको एक दिनअघि मात्र जारी भएको छ। यसले सरकार अझै पनि यस विषयमा संवेदनशील नरहेको पुष्टि हुन्छ।'

गत फागुन दोस्रो साता फ्रान्सको पेरिसमा भएको एफएटीएफको दोस्रो महासभा बैठकले नेपाललाई 'ग्रे लिस्ट' मा राखेको हो। महासभापछि आयोजित पत्रकार सम्मेलनमा एफएटीएफकी अध्यक्ष एलिसा डे अन्डा मद्राजोले नेपाल आगामी दुई वर्षसम्म 'ग्रे लिस्ट' मा रहने घोषणा गरेकी थिइन्। 'ग्रे लिस्ट' मा परेको पनि पाँच महिना भइसकेको छ। आउँदो भदौ पहिलो साता जापानमा एसिया प्यासिफिक ग्रुप (एपीजी) को बैठक हुँदै छ। बैठकमा नेपालका तर्फबाट नेपाल राष्ट्र बैंककी वरिष्ठ डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिनाको नेतृत्वको टोली जापान जाँदै छ।

टोलीले नेपाल 'ग्रे लिस्ट' मा परेपछिको दिइएको कार्ययोजना (एक्सन प्लान) कार्यान्वयनको अवस्थाबाट एफएटीएफका प्रतिनिधिसँग भौतिक उपस्थितिमा वार्ता गर्नुपर्नेछ। उक्त अवसरमा तथ्य प्रमाणसहित उनीहरूको प्रश्नको प्रतिवाद गर्न नसके अन्तर र्राष्ट्रिय जगत्मा नेपालको छवि झन् बिग्रिनेछ। त्यसैले तोकिएको समयमा नेपाल 'ग्रे लिस्ट' बाट बाहिर आउन नसक्ने जानकार बताउँछन्। 'पहिलो चरणमा नेपालले घरजग्गा, सहकारी, सुनचाँदी र क्यासिनो क्षेत्रका लागि सम्पत्ति शुद्धीकरणसम्बन्धी निर्देशन जारी गर्नुपर्ने र संयुक्त राष्ट्रसंघको प्रतिबन्धात्मक सूचीमा परेका व्यक्ति तथा संस्थाको सम्बन्धमा निर्देशन जारी गर्नुपर्ने थियो,' स्रोतले भन्यो।

सुरुको समयदेखि हामीले जुन गतिमा काम गरिरहेका छौं, त्यसले निरन्तरता पाए



तोकिएको समयमा ग्रे लिस्टबाट बाहिर आउन सकिन्छ। - फणीन्द्र गौतम संयोजक, सम्पत्ति शुद्धीकरण निवारण, राष्ट्रिय समन्वय समिति

'त्यो काम भइसकेकाले जापानमा हुन लागेको बैठकमा नेपाललाई प्रतिवाद गर्न खासै समस्या हुने छैन। तर त्यसपछि गर्नुपर्ने कार्ययोजना निकै चुनौतीपूर्ण छ। यसका लागि सरकार निकै संवेदनशील हुनुपर्छ। सरोकारवालाले पनि वित्तीय अपराधका अनुसन्धान, अध्ययन र अभियोजनलाई प्रभावकारी बनाउनुपर्नेछ। यस प्रक्रियामा हामी चुक्ने सम्भावना देखिन्छ।'

ग्रे लिस्टमा परेसँगै त्यसबाट बाहिर निस्कन एफएटीएफले नेपालाई दुई वर्षको कार्ययोजना दिएको छ। जसमा हरेक चार-चार महिनामा नेपालले एफएटीएफलाई कार्य प्रगति बुझाउनुपर्छ। यसरी हरेक पटकको मूल्यांकनमा नेपालको कार्यसम्पादन चित्तबुझ्दो भए तोकिएको समयमै ग्रे लिस्टबाट बाहिरिनेछ। कार्यसम्पादन चित्तबुझ्दो नभए एफएटीएफले नेपाललाई कालोसूचीमा राख्ने सम्भावना रहन्छ।

अहिलेसम्म जसरी काम भइरहेको छ, त्यसले निरन्तरता पाए र सरकारले थोरै मात्र पनि प्राथमिकता दिए दुई वर्षभित्रै 'ग्रे लिस्ट' बाट बाहिरिन सकिने सरकारी अधिकारीको दाबी छ। नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर ल्याउन एफएटीएफको कार्ययोजना कार्यान्वयन गर्नुपर्ने र प्रमाण या नतिजामा आधारित प्रगति देखाउनुपर्ने सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय समन्वय समितिका संयोजक प्रधानमन्त्री कार्यालयका सचिव फणीन्द्र गौतमले बताए।

'सुरुको समयदेखि हामी जुन गतिमा काम गरिरहेका छौं, त्यसले निरन्तरता पाए तोकिएको समयमा 'ग्रे लिस्ट' बाट बाहिर आउन सकिन्छ,' उनले भने, 'तर, अध्ययन अनुसन्धान तथा अभियोजन प्रभावकारी हुन सकेन, राजनीतिक नेतृत्व आफ्नो मान्छे जोगाउने काममा लाग्यो, वित्तीय अपराधका ठूला घटना अध्ययन तथा अनुसन्धान हुन सकेनन् भने चुनौती कायमै छ।'

ग्रे लिस्ट' बाट बाहिर आउने काम मन्त्रीहरूले बोलेजस्तो सजिलो पनि नरहेको गौतमले बताए। 'तर निरन्तर सुधार र त्यहीअनुसारको काम सबैतिर भयो भने सम्भव छ। दुबईलाई हामीलाई भन्दा बढी थ्रेट दिइएको थियो। राम्रोसँग काम गरेर ऊ एक वर्षमै उक्त सूचीबाट बाहिरियो। हाम्रो प्रयास काम गर्ने र अन्तर्राष्ट्रियस्तरमा त्यसलाई देखाउने हो,' उनले भने, 'पहिलो नम्बरमै सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्यांकन सम्पन्न गर्ने/गराउने कार्ययोजना छ। अहिले त्यही काम भइरहेको छ। विश्व बैंक, एसियाली डेभलपमेन्ट बैंक (एडीबी) लगायतको सहयोगमा अन्तर्राष्ट्रियस्तरको जोखिममा आधारित मूल्यांकन भइरहेको छ। उनीहरूले प्रशिक्षण दिएका छन्। त्यसका आधारमा काम गरिरहेका छौं।'

अन्तिम लाभग्राही को हो भन्नेबारे पनि एफएटीएफले प्रश्न उठाएको छ। वास्तविक मालिक लुकाएर दोस्रो वा तेस्रो व्यक्तिका नामबाट कारोबार गर्ने प्रवृत्ति नियन्त्रण गर्न कम्पनी रजिस्ट्रार कार्यालयको कामकारबाही अनलाइन गर्ने ताकि त्यसबाट सबै वास्तविक मालिक (लाभग्राही) पत्ता लगाउने काम भइरहेको स्रोतले बताएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले 'ग्रे लिस्ट' केही नभएको र अर्को वर्ष त्यसबाट नेपाल बाहिरिने बताएका थिए। यही साउन १४ मा राष्ट्रिय सभाको बैठकमा उनले 'ग्रे लिस्ट' मा परेको विषय सामान्य भएको दाबी गरेका थिए।

'अर्थतन्त्र कता जाँदै छ? कसरी सुधारको बाटो समातेको छ? म मूल्यांकन गर्दिनँ। तर विश्व बैंक, एडीबीलगायतले मूल्यांकन गरिराखेका छन् त,' प्रधानमन्त्रीले भनेका थिए, 'अरूका मूल्यांकनमा कहिलेकाहीँ केही भ्रमपूर्ण कुरा परेका हुन सक्छन्। यसकारण केही होइन ग्रे लिस्ट, हेर्दै जानुहोला अर्को वर्ष ग्रे-स्रे खत्तम हुन्छ अनि ग्रिन आउँछ ग्रिन।' उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पनि निर्धारित समयअघि नै नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न सरकारले संगठित र सघन प्रयास जारी राखेको बताएका छन्। गत साता प्रतिनिधिसभा बैठकमा सांसदले राखेको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले नेपालको संगठित र सघन प्रयासका परिणामस्वरूप निर्धारित समयअघि नै नेपाल 'ग्रे लिस्ट' बाट बाहिर निस्कने दाबी गरे। सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन तथा कार्ययोजना दराजमा थन्काएर नभई कार्यान्वयन र सार्थक नतिजा प्राप्तिका लागि तयार पारिएको उनको भनाइ छ।

'ग्रे लिस्ट' बाट बाहिर निकाल्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० ले विभिन्न १९ वटा ऐनलाई संशोधन गरेको उनले जनाए। शीघ्रातिशीघ्र मुलुकलाई 'ग्रे लिस्ट' बाट बाहिर ल्याउन र आगामी दिनमा समेत यस्तो सूचीमा नपर्ने गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि निर्देशक समितिले 'ग्रे लिस्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२' स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको मन्त्री पौडेलले बताए। एसिया प्यासिफिक ग्रुपबाट प्राप्त रि-रेटिङको रिपोर्टिङ ढाँचामा प्रतिवेदन गरी फाइनान्सियल इन्टेलिजेन्स युनिटमार्फत प्रतिवेदनको व्यवस्था गरिएको उनको भनाइ छ।

राज्यले प्राथमिकता दिएर काम गर्न सके 'ग्रे लिस्ट' बाट बाहिरिन समस्या भने छैन। किनकि नेपालसँगै लाओस 'ग्रे लिस्ट' सूचीमा परेको छ। फिलिपिन्स दुई वर्षपछि र यूएई एक वर्षमै उक्त सूचीबाट बाहिरिएका छन्। सन् २०११ म पनि 'ग्रे लिस्ट' मा परेर नेपाल २०१४ मा बाहिरिएको थियो। त्यति बेला कानुन निर्माण गर्छौं भनेपछि नेपाल 'ग्रे लिस्ट' बाट बाहिर निस्किएको हो। यस पटक भने ती कानुनमा सुधार र कार्यान्वयन गर्न नसक्दा 'ग्रे लिस्ट' मा परेको सरकारी अधिकारी बताउँछन्।

**के काम भए, के गर्न बाँकी ?**

गत फागुन ९ (फेब्रुअरी २०२५) मा नेपाल 'ग्रे लिस्ट' मा परेसँगै एफएटीएफले कार्ययोजना (एक्सन प्लान) बनाएर दिएको छ। कार्ययोजनामा तोकिएको समयमा तोकिएको काम गर्न सके नेपाल सजिलै उक्त सूचीबाट बाहिरिन सक्छ। दुई वर्षको अवधिलाई पाँच चौमासमा विभाजन गरिएको छ। एफएटीएफको बैठक हरेक चौमासमा बस्ने भएकाले सम्बन्धित देशलाई सोहीअनुसारको समय दिइँदै आएको छ। यसअनुसार 'ग्रे लिस्ट' मा परेपछिको पहिलो चार महिना (२०८१ फागुनदेखि २०८२ जेठसम्म) नेपालले सामान्य रिपोर्टिङभन्दा बढी केही गर्नुपरेको छैन। आन्तरिक तयारीमै लागून् भनेर एफएटीएफले यस अवधिमा सामान्य सोधखोजभन्दा बढी केही गर्न भनेको छैन।

तर गत असारदेखि असोजसम्म पहिलो चौमासको रिपोर्टिङ सुरु भएको छ। यसअनुसार घरजग्गा, क्यासिनो, सुनचाँदी र सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशन जारी भएको छ। यसअघि जारी भएका निर्देशन पनि अब अद्यावधिक गर्नुपर्नेछ। संयुक्त राष्ट्रसंघको प्रतिबन्धात्मक सूचीमा परेका व्यक्ति तथा संस्थाको सम्बन्धमा निर्देशन जारी गर्नुपर्ने थियो। सोही व्यवस्थाअनुसार राष्ट्र बैंक, धितोपत्र बोर्ड र बिमा प्राधिकरणले प्रतिबन्धात्मक सूचीमा परेका व्यक्ति तथा संस्थाको वित्तीय कारोबारसम्बन्धी मार्गदर्शन जारी गरिसकेका छन्। यसअनुसार त्यस्ता व्यक्ति, संस्था, समूह, संगठनलगायतको कारोबार नगर्न, यसअघि हुने गरेको भए रोक्न र नियमित रूपमा सम्बन्धित निकायमा सूचना दिनुपर्ने निर्देशनमा उल्लेख छ। यी विषयमा करिब सबै काम भएको स्रोतको दाबी छ।

दोस्रो चौमास (२०८२ कात्तिकदेखि माघसम्म) मा आम विनाशकारी हातहतियार निर्माण तथा विस्तार, नियामक निकायहरूको सुपरिवेक्षण क्षमता अभिवृद्धि, वित्तीय अपराधसम्बन्धी, सम्पत्ति शुद्धीकारणअन्तर्गतका वित्तीय अपराध सम्बन्धमा अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउनुपर्नेछ। यो काम पनि निकै चुनौतीपूर्ण छ।

तेस्रो चौमास (२०८२ फागुनदेखि २०८३ जेठसम्म) मा अर्थतन्त्रका सबै क्षेत्रमा वित्तीय अपराध तथा राष्ट्रिय जोखिम मूल्यांकन, बैंक तथा वित्तीय क्षेत्रको सुपरिवेक्षण क्षमता अभिवृद्धिसँगै सहकारी क्षेत्रको प्रभावकारी सुपरिवेक्षण, अनुसन्धान तथा अभियोजना छ। हुन्डीको अनुसन्धान तथा अभियोजन छ। यो काम निकै चुनौतीपूर्ण रहेको स्रोतको दाबी छ।

चौथो चौमास (२०८३ असारदेखि असोजसम्म) राष्ट्रिय जोखिम मूल्यांकन सम्बन्धमा जानकारी तथा बुझाइ बढाउने, आपराधिक गतिविधि नियन्त्रणका उपाय अवलम्बन गर्ने, क्यासिनो, घरजग्गा र सुनचाँदी क्षेत्रको सुपरिवेक्षण गर्ने र कारबाहीका लागि निर्देशन दिने छ। नेपालमा यी निकायको छुट्टै र प्रभावकारी नियामक निकाय नभएको अवस्थामा यी क्षेत्रमा अनुसन्धान गरेर नतिजा निकाल्न निकै मुस्किल रहेको स्रोतले बताएको छ।

पाँचौं अथवा अन्तिम चौमास (२०८३ कात्तिकदेखि माघसम्म) नतिजासँग सम्बन्धित छ। खासगरी ठूला अपराध र उच्च तहमा रहेका व्यक्तिको अनुसन्धान, अभियोजन तथा कारबाही गर्नुपर्नेछ। अपराधसँग सम्बन्धित बिगो तथा जरिवाना राज्यकोषमा गयो कि गएन? कसुरजन्य सम्पत्तिको व्यवस्थापन, सूचक संस्थालाई कारबाही भयो-भएन र नतिजा कस्तो आयो भन्ने हेरिन्छ। नीति नियम प्रभावकारी रूपमा कार्यान्वयनमार्फत सुपरिवेक्षण र अभियोजन गरी नतिजा निकाल्नुपर्ने भएकाले यो काम पनि फलामको चिउरा चपाउनुसरह रहेको जानकारको दाबी छ।

## मंगलबारदेखि हुने 'नाडा अटो शो' को उद्घाटन प्रधानमन्त्रीले गर्ने

काठमाडौं । आगामी भदौ ३ देखि काठमाण्डौमा हुने नाडा अटो शोको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने भएका छन्। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)ले प्रधानमन्त्री ओलीले १७औं अटो शोको उद्घाटन गर्ने जानकारी दिएको हो। ाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले प्रधानमन्त्री ओलीसँग आइतबार भेट गरेको थियो। सोही टोलीले भदौ ३ देखि ८ गतेसम्म हुने शोको उद्घाटन गर्न आग्रह गरेको थियो। प्रधानमन्त्रीले उक्त प्रस्तावलाई स्वीकार गरेको चौधरीले बताए।

नाडाले ओलीलाई शोको प्रमुख अतिथिका रुपमा निम्तो दिएको छ। अध्यक्ष चौधरीले नाडा स्थापनाको ५० औं वार्षिक उत्सव मनाउने क्रममा रहेको र नाडाले १७औं संस्करणको नाडा अटो शो २०२५ आयोजना गर्न लागेको जानकारी दिए। उनका अनुसार यस वर्षको अटो शोमा १२५ भन्दा बढी प्रदर्शक, ३० भन्दा बढी सवारी साधनका ब्रान्डहरू, इलेक्ट्रिक, हाइब्रिड र स्मार्ट मोबिलिटी समाधानहरू, विन्टेज मोटर शो समेत हुनेछ।

यसबाहेक पहिलोपटक नेपालमा प्रदर्शन हुँदै गरेका युनिट्री रोबोट्स् र दिपल ईभीटीओएल यूएभी जस्ता आकर्षक र भविष्य उन्मुख प्रविधिहरू प्रदर्शनीको केन्द्रविन्दु हुने नाडाले जनाएको छ। उक्त भेटभाटमा नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठ, महासचिव सुरेन्द्रकुमार उप्रेती, सचिव विक्रम सिंहानिया, कोषाध्यक्ष मिलनबाबु मल्ल, सहकोषाध्यक्ष पंकज अग्रवाल तथा केन्द्रीय कार्य समिति सदस्य मेघराज पौडेल समेतको उपस्थिति थियो।

## बैंकर्स संघ र भिसाबीच सहकार्यको सम्झौता

काठमाडौं । नेपाल बैंकर्स एसोसिएसन (एनबीए) र भिसाबीच सहकार्यको सम्झौता भएको छ । बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रमबीच यी निकायबीच सहकार्यको सम्झौता भएको हो । सम्झौताअन्तर्गत नेपालको वित्तीय क्षेत्रमा साइबर सुरक्षासम्बन्धी जनचेतना र क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न कार्यक्रम र गतिविधि सञ्चालन गरिने छ। 'विश्वव्यापी डिजिटल भुक्तानीको अग्रणी कम्पनी भिसासँग बैंकर्स संघले लामो समयदेखि सहकार्य गर्दै आएको छ । नयाँ सम्झौतापछि भिसाले साइबर सुरक्षामा रणनीतिक ध्यानकेन्द्रित गर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ,' नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले भने, 'संयुक्त पहलअन्तर्गत प्रदेशस्तरीय गतिविधिहरू तथा सरोकारवालासँग केन्द्रित अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनेछ ।' सम्झौताअन्तर्गत मुख्य रूपमा, यो साझेदारीअन्तर्गत नेपालका सबै प्रदेशहरूमा साइबर सुरक्षासम्बन्धी विभिन्न तालिम, प्रशिक्षणलगायत जानकारी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिने बताइएको छ। 'प्रदेशस्तरीय सहभागितालाई थप मजबुत बनाउन, सरोकारवाला, बैंक तथा वित्तीय संस्था र नियामक निकायका प्रतिनिधिहरुलाई समेटेर विभिन्न कार्यक्रम पनि आयोजना गरिनेछ,' विज्ञप्तिमा भनिएको छ, 'कार्यक्रममा भिसाका अधिकारीहरुको पनि सहभागिता रहने छ । जसबाट नेपालमा विदेशी सिप, ज्ञान, प्रविधि, विदेशी अभ्यास भित्र्याउन सकिनेछ ।' विश्वका करिब २ सयभन्दा बढी देशमा भिसाले सेवा दिँदै आएको छ । यी देशहरुमा प्रयोग हुँदै आएको प्रविधि, साइबर सुरक्षालगायतमा अन्तर्राष्ट्रिय अभ्यासलगायत कुरा आदानप्रदान हुनेछ । सम्झौताले नेपालको भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउन, साइबर सुरक्षासम्बन्धी जनचेतना र क्षमता अभिवृद्धिमा योगदान पुऱ्याउने दाबी दुबै पक्षको छ।

# ७५ करोड ऋण....

२०४९ सालमा उद्योग गोल्छा समूहलाई 'लिज'मा जिम्मा दिएको थियो । लिज पश्चात् बारम्बार कर्मचारीको सेवा सुविधाका लागि विवादका हुँदै आएको थियो । विवादका बिच सञ्चालकले ०६७ फागुन १९ गतेदेखि लागु हुने गरी पूर्ण रूपमा कारखाना बन्द गरेका थियो। तत्कालीन अवस्थामा कारखानामा ३२८ जना कर्मचारीको स्थायी दरबन्दी रहेका थियो। विसं २०६७ मा बन्द भएको सो उद्योगमा कार्यरत ती विभिन्न पदका स्थायी कर्मचारीले २०६१ यताको पारिश्रमिक पाउनै बाँकी नै छ। विरोध हुँदा केही रकम दिएर शान्त बनाउँदै आएको सञ्चालक समूहले २०६७ यता मात्रै १० पटक पारिश्रमिक दिने सम्झौता गरिसकेको छ। कम्पनीका अस्थायी २२, करारमा काम गर्ने ४४ र परीक्षण स्थायी पाएका ९२ जनालाई भने सञ्चालकले कारखाना बन्द हुने बित्तिकै पाउनुपर्ने तलब दिएर बिदा गरेका थिए। ३४० को करिब रु ३५ करोड पारिश्रमिक पाउन बाँकी छ। यसमध्ये केहीको त मृत्यु नै भइसकेको छ।

सरकारले सो स्थानमा सोही उद्योग अथवा अन्य जुनसुकै उद्योग राख्न पाउने तर व्यक्तिगत रूपमा जग्गालाई प्लटिङ गरेर बिक्री गर्न नपाउने सर्तमा गोल्छा समूहलाई सरकारले सो उद्योग जिम्मा लगाएको थियो । पेपर (कागज) र पेपर तयार हुन आवश्यक कच्चा पदार्थ पल उत्पादन हुने यस उद्योग २०६७ बाट पूर्ण रूपमा बन्द रहेको छ। हाल गोल्छा अर्गनाइजेसनको मातहतमा रहेको सो उद्योगको सुरक्षार्थ २०६७ सालदेखि २० जना सुरक्षाकर्मी खटाएको थियो तर हाल १२ जना मात्रै कार्यरत छन्।

**कारखानाको ऋण तिर्न १ वर्षको ग्रेस अवधि**

भृकुटी कागज कारखानाको ऋण तिर्न गोल्छा अर्गनाइजेशनले २०७९ मा नै १ वर्षको ग्रेस अवधि पाएको थियो। कारखानाको जग्गा बेचेर बक्यौता ऋण तिर्न स्वामित्वकर्ता हितेश गोल्छा तयार भएसँगै लगानीकर्ता नेपाल बैंक र हिमालय बैंकले कम्पनीलाई थप १ वर्ष ग्रेस समय दिन तयार भएका थिए। कारखानामाथि नेपाल बैंक र हिमालयन बैंक गरी १ खर्ब ५५ अर्ब रुपैयाँमाथिको लगानी रहेको छ। त्यस बेला कारखानाको क्षमता विकास गर्न भन्दै गोल्छा अर्गनाइजेशनले बैंकसँग करिब ७५ करोड रुपैयाँ व्यावसायिक ऋण लिएको थियो । डेढ दशकदेखि गोल्छा अर्गनाइजेशनले यसको ब्याज, हर्जाना तिरेको छैन । अहिले जरिवाना गर्दा ५ अर्ब रुपैयाँभन्दा बढी रकम हुन आउने नेपाल बैंकको भनाइ छ। भृकुटी कागज कारखानालाई नेपाल बैङ्कको नेतृत्वमा तत्कालीन औद्योगिक विकास निगम (अहिलेको वाणिज्य बैंकमा मर्ज भएको संस्था) र कर्मचारी सञ्चय कोषले ऋण दिएका थिए।

**सरकारको नाममा आउन सक्छ जग्गा**

सरकारले चाहेमा निजीकरण गरेको भृकुटी कागज कारखानाको नाममा रहेको २५० बिगाहा जग्गा सरकारले आफ्नो नाममा ल्याउन सक्छ । निजीकरण गरेर उद्योग चलाउने जिम्मा लिएको गोल्छा अर्गनाइजेशनले उद्योग चलाउन नसकेर बन्द गरेको छ। उद्योगले सरकारी बैंक नेपाल बैङ्कको नाममा ऋण लिएको र नतिरेको हुँदा सरकारले आफ्नो नाममा ल्याउने बाटो खुल्ला छ। नेपाल बैंक स्रोतका अनुसार हितेशले ३ महिनाभित्र ऋण तिर्छु भने पनि त्यो नतिर्ने पक्का छ। नेपाल बैंक ५१ प्रतिशत लगानी सरकारका नाममा छ । यसरी डेढ दशकदेखि उद्योग पनि नचलाउने र ऋण पनि नतिर्ने उद्योगीलाई सहुलियत दिनु कुनै अर्थ हुन्न भन्नेमा बैंकका उच्च अधिकारीहरू पुगिसकेका छन् । सरकारले नेपाल बैंकलाई धितोमा रहेको सम्पत्ति नै सकार्न लगाएर आफैँले सो बराबरको रकम तिरेर सरकारले आफ्नो नाममा ल्याउन सक्छ।

सरकारले गठन गरेको रुग्ण उद्योगबारे सरकारलाई सुझाव दिन गठित पूर्व सचिव दीपक सुवेदीको समितिले भृकुटी कागज कारखानाको जग्गा सरकारको नाममा ल्याउन सुझाव दिएको थियो। 'सरकारसँग उद्योग चलाउने भनेर निजीकरण गरेको उद्योगको जग्गा बेच्न दिन हुँदैन, सरकारले नै फिर्ता लिनुपर्छ,' समितिको सुझावमा भनिएको थियो । नवलपुरको गैँडाकोटमा रहेको जग्गामा अब कागज कारखाना चल्ने सम्भावना करिब बन्द भइसकेको छ। गैँडाकोटमा जग्गाको मूल्य निकै आकासिएको छ जसले उद्योग चलाउनुभन्दा प्लटिङ गरेर बिक्री गर्दा फाइदा हुने हुन्छ।

दिवाकर गोल्छाले उद्योगको जग्गा बिक्री गरेर बैङ्कको ऋण तिर्ने योजना नबनाएको होइनन् । तर, सरकारी सम्पत्ति निजीकरण गरेर उद्योग चलाएको हुँदा जग्गा बिक्री गर्न सजिलो नभएको कारण गोल्छाको सपना भने पूरा हुन सकेन । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पालामा आएको विधेयकले भृकुटी कागज कारखानाको जग्गा बेच्ने भने बाटो खोलिदिएको थियो। ओली सरकारले पास गरेको भूमि सम्बन्धी ऐन- २०७६ को आठौं संशोधनमा भृकुटी कागज कारखानाजस्ता उद्योगको जग्गा बिक्री गर्न सकिने प्रावधान थपिएको छ। हाल उनी नेकपा माओवादी निकट छन् । उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था कुनै कारणले 'विघटन लिक्विडेशनमा जाने भएमा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको दायित्व फरफारख गर्ने प्रयोजनको लागि नेपाल सरकारको स्वीकृतिमा जग्गा बेच्न सकिने छ।,'

**जग्गा हदबन्दी फुकुवाको पर्खाइमा गोल्छा समूह**

गोल्छा समूह मातहत रहेको भृकुटी पल्प एन्ड पेपर नेपाल लिमिटेड भने नेपाल सरकारले जग्गाको हदबन्दी फुकुवाका लागि बारम्बार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय धाएको एक पूर्व मन्त्रीले बताए । उक्त उद्योग निजीकरण मार्फत गोल्छा समूहमा गए पनि जग्गा हदबन्दी भित्र परेको र भृकुटी पल्प एन्ड पेपर नेपाल लिमिटेडका नाममा रहेकाले बारम्बार ऋण तिर्न भन्दै हदबन्दी फुकुवा बनाएर बेच्न आवश्यक सहयोग भन्दै विभिन्न दबाब दिएको उनले बताए।

**सुरक्षा चुनौति:**

देशको गौरव भृकुटी कागज कारखाना अहिले झाडीले भरिएर खोरिया घारी जस्तो बनेको छ। कारखानाका सबै संरचना जीर्ण छन् । टिनका छाना कुहिएर झरेका छन्। बाहिरबाट हेर्दा अस्थिपञ्जर मात्रै देखिन्छ । लाखौँ मूल्य पर्ने मेशिनहरू खिया लागेर बिग्रिएका छन् । कारखानाका पर्खालहरू भत्किएका छन् । जो जहाँबाट पनि भित्र पस्न सक्ने अवस्था छ। सुरक्षा गार्डहरूले बडो मुस्किलले मूल गेट मात्रै कुरेर बसेका छन् ।खण्डहरमा परिणत भएको कारखानामा तीन सिफ्टमा गरी १५ जना मात्रै सुरक्षा गार्ड छन्। पर्याप्त सुरक्षाकर्मी नहुँदा कारखानामा सुरक्षा चुनौती थपिएको छ। चोरी र आगलागीको खतरा पनि निकै बढेको छ। बिजुली बत्तीको व्यवस्था नहुँदा कारखानाका सुरक्षा गार्डहरूले अँध्यारोमा ड्युटी गर्नुपर्ने बाध्यता छ । पानीसमेत पिउन नपाउने अवस्थामा काम गर्नुपरेको कारखानाको अहिले पनि सुरक्षा गरिरहेका सुरक्षा प्रमुख माधव घिमिरे भन्छन्, 'यसको निकास चाँडो गरिदिए हुन्थ्यो, हामी पनि दिक्क भई सक्यौँ।'२०७५ साल वैशाख १५ गते तत्कालीन उद्योग मन्त्री मातृकाप्रसाद यादवले भृकुटीको अवलोकन गर्दै राष्ट्रियकरण गर्ने चेतावनी दिए पनि अझैसम्म केही हुन सकेको छैन।

यादवसमक्ष मजदुरले आफ्नो माग र गुनासासहितको पत्र पनि बुझाए पनि सुनुवाइ भएको छैन । यस्तै हालका उद्योग मन्त्री दामोदर भण्डारीले समेत उद्योग संचालन गर्न बारम्बार पहल चाले पनि गोल्छा समूह तयार नभएको उनले बताए।

# अर्थ मन्त्रालयको.....

वित्तीय अनुशासनको कमीलाई समेटिएको छ। जोखिम न्यूनीकरणका लागि प्रतिवेदनमा राजस्व र खर्चको अनुमानलाई वैज्ञानिक र यथार्थपरक बनाउने, घाटामा गएका संस्थानको पुनःसंरचना वा निजी क्षेत्रसँग साझेदारी गर्ने, प्राकृतिक प्रकोप व्यवस्थापनका लागि छुट्टै कोष स्थापना गर्ने, र प्रदेश-स्थानीय तहको वित्तीय क्षमता तथा अनुगमन प्रणाली सुदृढ गर्ने योजनाहरू प्रस्तुत गरिएको छ। अर्थ मन्त्रालयका अनुसार, प्रतिवेदनले वित्तीय कमजोरी स्वीकार गर्दै पारदर्शी, अनुशासित र दिगो अर्थतन्त्र निर्माण गर्ने लक्ष्यलाई अघि सारेको छ।

**प्रमुख जोखिमहरू के-के हुन् ?**

प्रतिवेदनअनुसार, सरकारले हरेक वर्ष गर्ने राजस्व सङ्कलनको महत्त्वाकाङ्क्षी अनुमान र वास्तविक सङ्कलनबिच ठुलो अन्तर देखिनु 'उच्च असर' पार्ने र 'हुने सम्भावना प्रबल' रहेको निष्कर्ष निकालेको छ। यस्तो गलत अनुमानका कारण विकास आयोजनाहरूमा बजेट कटौती गर्नुपर्ने र आर्थिक वृद्धिमा समेत नकारात्मक असर पर्ने गरेको निष्कर्ष अर्थ मन्त्रालयले निकालेको हो।

त्यस्तै देशका ४४ सार्वजनिक संस्थानहरूको कमजोर आर्थिक अवस्था र बढ्दो दायित्व अर्को प्रमुख चिन्ताको विषय बनेको प्रतिवेदनको निष्कर्ष छ। प्रतिवेदनमा नेपाल वायुसेवा निगम, नेपाल आयल निगम जस्ता केही संस्थानहरूको खराब वित्तीय अवस्थाले सरकारी ढुकुटीमा ठुलो भार पार्न सक्ने उल्लेख गरेको छ। यसलाई 'मध्यम असर' तर 'हुन सक्ने' जोखिमको श्रेणीमा प्रतिवेदनमा राखिएको छ। अन्य जोखिमहरूमा आर्थिक वृद्धिदरमा देखिने अस्थिरता, बढ्दो मुद्रास्फीति, प्राकृतिक प्रकोप (विशेष गरी भूकम्प र बाढी पहिरो) र सङ्घीयतापछि प्रदेश तथा स्थानीय तहमा देखिएको वित्तीय अनुशासनको कमीलाई पनि समावेश गरिएको छ।

**जोखिम न्यूनीकरणमा सरकारका रणनीति**

जोखिम पहिचानसँगै अर्थ मन्त्रालयले समाधानका लागि ठोस रणनीतिहरू पनि अघि सारेको छ। अबदेखि राजस्व र खर्चको अनुमानलाई वैज्ञानिक र यथार्थपरक बनाउने, ऋण र घाटालाई नियन्त्रण गर्न कडा वित्तीय नियमहरू लागू गर्ने उल्लेख गरेको छ। त्यस्तै घाटामा गएका सार्वजनिक संस्थानहरूको पुनःसंरचना गर्ने वा निजी क्षेत्रसँग साझेदारीमा लैजाने योजना बनाइएको छ।

त्यस्तै, प्राकृतिक प्रकोप व्यवस्थापनका लागि छुट्टै कोष र पूर्वतयारीमा जोड दिने, प्रदेश र स्थानीय तहहरूको वित्तीय क्षमता बढाउन र अनुगमन गर्न बलियो प्रणाली बनाउने लगायतका कार्य योजना प्रतिवेदनमा समेटिएका छन्। अर्थ मन्त्रालयले सार्वजनिक गरेको उक्त प्रतिवेदनले देशको वित्तीय प्रणालीका कमजोरीहरूलाई स्वीकार गर्दै भविष्यमा आउन सक्ने सङ्कट देखाएको छ । प्रतिवेदनले देखाएको जोखिमबाट बच्न पूर्वतयारी गर्नेतर्फ सरकारको गम्भीरता देखाएको छ। यसले नेपालको अर्थतन्त्रलाई थप पारदर्शी, अनुशासित र दिगो बनाउने लक्ष्य राखेको मन्त्रालयले जनाएको छ।

# अनलाईन ....

हुन्छ। यो सूचीमा रहेका व्यक्ति वा संस्थाको विवरण ठ्याक्कै मिल्ने अवस्थामा भुक्तानी सेवा प्रदायकहरूलाई तत्काल सो व्यक्तिको खातामा सञ्चित रहेको रकम र सेवा बन्द गर्न भनिएको छ। र, तीन दिनभित्र यसको जानकारी राष्ट्र बैंकमा जानकारी गराउन पनि निर्देशन दिइएको छ। यो नियमको परिपालना गरिएको नपाइएमा राष्ट्र बैंकले चेतावनीदेखि इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने उल्लेख गरेको छ।कम्पनीहरूलाई १० लाख रूपैयाँदेखि २० लाख रूपैयाँसम्मको जरिवाना समेत हुनेछ। यदि वित्तीय प्रतिबन्धको यस्तो सूचीमा रहेकाको कसैसँग नाम मात्र मिलेको देखिएमा वा सोही व्यक्ति भएको प्रमाणित नभएमा भने कारोबार फुकुवा गर्न सकिने बताइएको छ। यस्तो सूचीबाट नाम हटाइएपछि पनि त्यस्ता व्यक्ति वा संस्थाको कारोबार फुकुवा गर्न सकिने व्यवस्था गरिएको छ।

# नेपालगन्ज–दिल्ली उडानका लागि पहल



काठमाडौं । नेपालगन्जबाट भारतको नयाँदिल्ली सिधा हवाई उडानका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाइएको छ। नेपालगन्ज उद्योग वाणिज्य संघ बाँकेका अध्यक्ष टंकबहादुर धामी संयोजक रहेको नेपालगन्ज दिल्ली हवाई उडान दबाब समूहसहित बाँके र बर्दियाका प्रतिनिधिसभा सदस्य, स्थानीय तह प्रमुख, राजनीतिक दल, नागरिक समाज, उद्योगी-व्यवसायी सम्मिलित २० सदस्यीय प्रतिनिधि मण्डलले सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा ओलीलाई ज्ञापनपत्र बुझाएको हो।

बाँकेका प्रतिनिधिसभा सदस्य, स्थानीय तह, जिल्लाका राजनीतिक दलको ऐक्यबद्धता पत्रसहितको नेपालगन्ज दिल्ली उडानको आवश्यकता, औचित्य र फाइदा र प्रधानमन्त्रीको आसन्न भारत भ्रमणको एजेन्डामा समेट्नुपर्ने विषय बारेको ८२ पृष्ठको अवधारणा पत्रसहितको ज्ञापनपत्र बुझाइएको हो। 'म नेपालगन्ज दिल्ली सिधा हवाई एजेन्डा बोकेर जान्छु। मोदीजीले के गर्नुहुन्छ ?', भेटपछि प्रधानमन्त्री ओलीको भनाइ उद्धृत गर्दै संयोजक धामीले भने, 'सम्माननीय प्रधानमन्त्री ओली हाम्रो मागप्रति सकारात्मक हुनुभएको छ। भारत भ्रमणको एजेन्डामा नै समेट्छु भन्दा हामी निकै आशावादी भएका छौं।'प्रधानमन्त्री ओलीले नेपालगन्ज विमानस्थलको धावनमार्ग थप विस्तार र जमिन संरक्षणलगायतका काममा पनि चासो दिन आग्रह गरेका थिए।

यसैबीच, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालगन्ज-दिल्ली सिधा हवाई उडानका लागि प्रभावकारी पहल आवश्यक भएको बताए। 'नेपालगन्ज पर्यटन, कृषिलगायत क्षेत्रका लागि पर्याप्त सम्भावना भएको क्षेत्र हो। सिधा उडान हुन सके यसले पश्चिम नेपालको क्षेत्रीय सम्पर्क र आर्थिक विकासका लागि महत्वपूर्ण योगदान दिन सक्छ। यहाँहरूको यो पहल र प्रयासप्रति महासंघ ऐक्यबद्धता जाहेर गर्दछ' अध्यक्ष ढकालले भने। नेपालजन्ज दिल्ली सिधा उडानले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको समग्र विकाससँग जोडिएको विषय भएको बताउँदै अध्यक्ष ढकालले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा यो एजेन्डालाई प्राथमिकताका साथ उठाउन महासंघको तर्फबाट प्रधानमन्त्रीसमक्ष आग्रह गर्नेप्रतिबद्धता पनि व्यक्त गरे।

महासंघका पूर्वअध्यक्ष भवानी राणाले मुलुक संघीयतामा गइसकेपछि बाँके, बर्दिया ओझेलमा परेको भन्दै नेपालगन्ज दिल्ली सिधा उडानले यस क्षेत्रको आर्थिक समाजिक विकासमा टेवा पुग्ने बताए। नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको पश्चिम क्षेत्रको हबको रूपमानेपालगन्ज विकास भइरहेकाले पनि सिधा उडान अपरिहार्य भएको बताए। नेपालगन्ज-दिल्ली हवाई उडान दबाब समूह नेपालगन्ज बाँकेले राजधानीमा सर्वपक्षीय छलफलदेखि प्रधानमन्त्री, परराष्ट्रमन्त्री, पर्यटनमन्त्रीलगायतसँग भेटेर सिधा उडानको पहल गरिरहेको नेपालगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए।

**हामीले प्राथमिकतामा राखेका छौं : परराष्ट्रमन्त्री**

परराष्ट्रमन्त्री आरजु राणा देउवाले नेपालगन्ज र भारतको नयाँदिल्ली सिधा उडानका लागि आफूले सक्दो पहल गर्ने बताएकी छन्। नेपालगन्ज दिल्ली उडानका लागि पहल गरिदिन आग्रह गर्दै सोमबार मन्त्रालयमा आएका बाँकेका प्रमुख राजनीतिक दलका नेता, संघीय संसद्मा प्रतिनिधित्व गर्ने बाँके र बर्दियाका सांसद, उद्योगी व्यवसायी, नागरिक समाजका प्रतिनिधि एवं अन्य सरोकारवालाहरूसँग उनले सो प्रतिबद्धता व्यक्त गरेकी हुन्।

मन्त्री राणाले भनिन्, 'सो उडानका लागि मैले पहिलेदेखि नै पहल गर्दै आएकै छु। नेपालगन्ज दिल्ली उडानको एजेन्डालाई हामीले प्राथमिकतामा राखेका छौं। यो उडानले नेपाल र भारतलाई नै पारस्परिक लाभ पुग्ने र कनेक्टिभिटी जति बढाउन सक्यौं त्यति धेरै नेपाललाई फाइदा पुग्ने भएकाले म यो उडानका लागि लागि पर्नेछु।'

उनले नेपाल र भारतका बीचमा कनेक्टिभिटी बढाउन सक्दा मात्र पर्यटन, पारवहन, उद्योग व्यापार तथा जनसम्पर्क लगायतमा वृद्धि हुने र यसबाट दुवै पक्षलाई लाभ पुग्ने बताइन् । यो उडानले पश्चिम नेपालको अर्थतन्त्रमा उल्लेख्य योगदान पुग्ने र त्यस क्षेत्रको मुहार नै फेरिने बताउँदै मन्त्री राणाले नेपालगन्जमा पनि होटललगायतका आवश्यक पर्यटन पूर्वाधारहरू बनिसकेकाले नेपालगन्ज दिल्ली उडानका लागि आफू गम्भीरताका साथ लाग्ने बताइन्।

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा यस विषयलाई प्राथमिकताको एजेन्डाका रूपमा समावेश गरिदिन बाँके र बर्दियाका उद्योगी व्यवसायी तथा राजनीतिक दलसहितको सर्वपक्षीय टोलीले सोमबार मन्त्री राणालाई भेटेर सो आग्रह गरेका थिए।त्यस अवसरमा उनीहरूले नेपालगन्जलाई 'मानसरोवर गेटवे' का रूपमा स्थापित गर्न नेपालगन्ज-दिल्ली सिधा उडान अपरिहार्य रहेको बताउँदै यसबाट सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका करिब २५ जिल्लाका बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने उल्लेख गरेकी थिइन्। उनले सो विमानस्थलबाट प्रतिघण्टा ६ सय यात्रुलाई सेवा दिन सकिने र यस उडानका लागि आवश्यक सबै पूर्वाधारहरू निर्माण पनि भइसकेको जानकारी गराएकी थिइन्।



# रिलायबल लाइफ लमजुङ शाखाद्वारा १५ लाख रुपैयाँको दावी भुक्तानी

काठमाडौं । रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले लमजुङका एकजना बीमित परिवारलाई १५ लाख ४६ हजार रुपैयाँ मृत्यु दावी रकम हस्तान्तरण गरेको छ । कम्पनीको बेंसीशहर शाखाले बैदेशिक रोजगारिको क्रम्मा निधन भएका क्व्होलासोथार गाउँपालिका-१ का तेज प्रसाद गुरुङको परिवारलाई मृत्यु दावी रकम हस्तान्तरण गरेको हो ।

गुरुङको गत जेष्ठ १४ गते बैदेशिक रोजगारिको क्रम्मा साउदिमा मृत्यु भएको थियो । कम्पनीका लमजुङ शाखा प्रमुख राजु गुरुङका अनुसार तेज प्रसादले कम्पनीमा १५ लाख रुपैयाँको बीमा गरेको थियो ।

बीमा अवधिमा उनले १ किस्ता मात्र भुक्तानी गरेका थिए । गुरुङको परिवारले तेज प्रसाद गुरुङको कालगतिले मृत्यु भएका कारण बिमाङ्क रकम र बोनस प्रदान गरिको शाखा प्रमुख राजु गुरुङले बताए । बीमा रकमलाई क्व्होलासोथार गाउँपालिका-१ का कार्यबाहाक अध्यक्ष सोम प्रसाद गुरुङको उपस्थितिमा बिहीबार बीमा रकम बराबरको चेक हस्तान्तरण गरिएको छ ।उक्त कार्यक्रम्मा शखाका बित्तिय सल्लहकारहरु शिब थापा, डिल माया गुरुङ्,पशुपती गुरुङ जिना गुरुङ र बजार प्रधिनिधी आशादेवी गुरुङको उपस्थिती रहेको थियो । लमजुङ शाखाका जिना गुरुङले सञ्चालन गरेको कार्यक्रममा शाखा प्रमुख राजु गुरुङले प्रशिक्षण दिएका थिए ।

# प्रभु बैंकका ग्राहकले अन्नपूर्ण न्यूरो हस्पिटलमा विशेष छुट पाउने



काठमाडौं । काठमाण्डौ महानगरपालिका, वाड नं ११, बबरमहल स्थित अन्नपूर्ण न्यूरो हस्पिटल र प्रभु बैंक लिमिटेडबीच बैंकका ग्राहक तथा कर्मचारीहरुलाई अन्नपूर्ण न्यूरो हस्पीटलको सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ । प्रभु बैकंका कर्मचारी र कर्मचारीका परिवारजन तथा ग्राहकहरुले १०-१५% छुट पाउने भएका छन । सो छुट सेवासुविधा अन्नपूर्ण न्यूरो हस्पिटलमा प्राप्त गर्न सकिनेछ । उक्त सम्झौतापत्रमा अन्नपूर्ण न्यूरो हस्पीटलका तर्फबाट मेडिकल प्रशासक डाक्टर शरद गजूरेल र मार्केटीङ म्यानेजर प्रेम कुमार दाहाल तथा प्रभु बैंकका तर्फबाट चिफ मार्केटीङ अफिसर रमेश कुमार श्रेष्ठ र मार्केटीङ म्यानेजर दिना चित्रकारको संयुक्त हस्ताक्षर गरे ।

त्यसैगरी,ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकका नेपालभर ३१२ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६८एक्सटेन्सन काउन्टर मार्फत करिब ३१ लाख भन्दा बढि ग्राहकहरुलाई गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

# इजी रेमिट र नियो मनी ट्रान्सफरबीच रेमिट्यान्स् भुक्तानी सम्झौता

काठमाडौं । इजी रेमिट र नियो मनी ट्रान्सफरले छिटो, भरपर्दो र सुरक्षित रेमिट्यान्स सेवा प्रदानको लागि भुक्तानी सम्झौता गरेका छन् । यो सम्झौतासँगै इजी रेमिटको माध्यमबाट नियो मनि ट्रान्सफर मार्फत नेपालका कुनैपनि बैंक खाता, वा भुक्तानी सेवा प्रदायकका वालेटमा रेमिट्यान्स् पठाउन सकिन्छ । यसका साथै नियो मनि ट्रान्सफरका स्थानीय एजेन्टहरुबाट समेत रकम प्राप्त गर्न सकिनेछ ।

यो नयाँ साझेदारीले पैसा पठाउनको लाग एक भरपर्दो र आधिकारिक माध्यम प्रदान गर्नेछ, जसले अनौपचारक कारोबारको सट्टा सुरक्षित विकल्पलाई प्रोत्साहन गर्दछ । यस साझेदारीले इजी रेममटको ठूलो विश्वव्यापी सञ्जाल र नियो मनी ट्रान्सफरको नेपालभर फैलिएको बलियो सञ्जालले रेमिट्यान्स् भुक्तानीलाई अझ सहज र सरल बनाउने अपेक्षा गरिएको छ ।

"इजी रेमिटसँग मिलेर अझ राम्रो रेमिट्यान्स सेवा दिन पाउनु हाम्रो लागि सम्मानको कुरा हो," नियो मनी ट्रान्सफर सिईओ सागर खनालले भने, "हाम्रो संयुक्त प्रयासले पैसाको लेनदेनलाई छिटो र भरपर्दो बनाउनेछ, र यसरी औपचारक माध्यमको प्रयोगलाई बढावा दएर देशको वित्तीय प्रणालीलाई बलियो बनाउन मद्दत गर्नेछ भन्ने हामीलाई विश्वास छ ।"

# नागरिक लगानी कोषको नाफा सवा १ अर्ब पार, लगानी १८.६५% वृद्धि

काठमाडौं । नागरिक लगानी कोष (सीआईटी)ले आर्थिक वर्ष २०८१/८२ मा १ अर्ब २५ करोड ३५ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ। अघिल्लो वर्षको १ अर्ब १० करोड २४ लाख नाफाको तुलनामा यो १३.७१ प्रतिशतले बढी हो।

समीक्षा वर्षमा ब्याज आम्दानी २३.७५ प्रतिशत घटेर ३३ करोड ७४ लाख रुपैयाँमा सीमित भए पनि सेवा शुल्क तथा कमिसनबापतको आम्दानी १७.१७ प्रतिशतले बढ्दै १ अर्ब ६५ करोड ३५ लाख रुपैयाँ पुगेको छ।

चुक्तापुँजी ६ अर्ब ४८ करोड १७ लाख रुपैयाँ रहेको कोषको जगेडा कोषलगायतको कुल आकार ०.७७ प्रतिशतले बढेर ३ खर्ब ११ अर्ब ६ करोड रुपैयाँ पुगेको छ।

गत वर्षको तुलनामा कोषको कुल लगानी २ खर्ब ८९ अर्ब १६ करोड रुपैयाँमा पुगेको छ, जसमा १८.६५ प्रतिशतको वृद्धि भएको हो। समीक्षावर्षमा वार्षिकीकृत प्रतिसेयर आम्दानी (ईपीएस) घटेर १९.३४ रुपैयाँ कायम भएको छ भने प्रतिसेयर नेटवर्थ १६४.२३ रुपैयाँ रहेको छ।

# ग्लोबल आइएमई बैंक र सांग्रिला बैंकबीच समझदारी पत्रमा हस्ताक्षर




काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडबीच सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकहरुलाई आवश्यक पर्ने गैर कोषमा आधारित बैंकिङ्ग सुविधा उपलब्ध गराउनेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र सांग्रिला डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौता अनुसार सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकहरुलाई आवश्यकता पर्ने गैर कोषमा आधारित प्रतीत पत्र (लेटर अफ क्रेडिट), बैंक ग्यारेण्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट असेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ्ग आदि सुविधाहरु ग्लोबल आइएमई बैंकले उपलब्ध गराउने छ । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो ।साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

यसैगरी, सांग्रिला डेभलपमेन्ट बैंकले देशभर रहेका १०९ वटा शाखा तथा ३० वटा एटिएम मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ ।

# शिवम् सिमेन्ट 'बिजनेस ब्लुप्रिन्ट नेपाल'को मुख्य प्रायोजक

काठमाडौं । शिवम् सिमेन्ट 'बिजनेस ब्लुप्रिन्ट नेपाल'को मुख्य प्रायोजक बन्ने भएको छ। अन्तर्राष्ट्रिय ख्यातिप्राप्त मोटिभेसनल लेखक, व्यावसायिक प्रशिक्षक तथा गिनिज वर्ल्ड रेकर्ड होल्डर डा. उज्ज्वल पाटनीको उपस्थितिमा उक्त कार्यक्रम आयोजना हुन लागेको हो। कार्यक्रम १२ भदौमा होटेल मेरियट, नक्साल, काठमाडौंमा बिहान साढे १० बजेदेखि अपराह्न पाँच बजेसम्म सञ्चालन हुनेछ। शिवम् सिमेन्ट नवीन, अद्वितीय र इनोभेटिभ कार्यक्रमका माध्यमबाट ग्राहकबिच छुट्टै पहिचान बनाउन सफल भएको ब्रान्ड हो। कम्पनीले 'शिवम् सन्देश', 'नो कम्प्रमाइज'जस्ता सन्देशमूलक अभियानमार्फत समाजमा सकारात्मक प्रभाव पुऱ्याउँदै आएको छ। बिजनेस सेमिनारमा पाटनीजस्ता मोटिभेसनल स्पिकरसँगको सहकार्यमार्फत सहभागीलाई व्यावसायिक उत्प्रेरणा र ज्ञान प्रदान गर्ने उद्देश्य रहेको शिवम् सिमेन्टका प्रतिनिधिले बताएका छन् ।

# नेपालकै पहिलो पीसीआई डीएसएस प्रमाणित पीएसओ बन्यो फोनपे

काठमाडौं । भुक्तानी प्रणाली सञ्चालक (पीएसओ) फोनपेले विश्वप्रसिद्ध भुक्तानी सुरक्षासम्बन्धी मापदण्ड पेमेन्ट कार्ड इन्डस्ट्री डेटा सेक्युरिटी स्ट्यान्डर्ड (पीसीआई डीएसएस) को भी४.०.१ लेभल १ सर्टिफिकेसन पाएको छ। यो प्रमाणपत्रले फोनपेले आफ्नो नेटवर्कमार्फत हुने सम्पूर्ण कारोबारहरूमा उच्चतम स्तरको सुरक्षा सुनिश्चित गर्न गरेको दृढ प्रतिबद्धतालाई प्रतिविम्बित गर्ने कम्पनीले उल्लेख गरेको छ।

फोनपेका अनुसार यसले प्रयोगकर्ता, साझेदार बैंक तथा वित्तीय संस्थाहरू, र नियामक निकायहरूको विश्वासलाई थप मजबुत बनाएको छ। पीसीआई डीएसएस लेभल १ भुक्तानी कार्ड डाटा सुरक्षाको सर्वोच्च स्तरको अन्तर्राष्ट्रिय मान्यता हो, जसको पालना गर्नका लागि गम्भीर प्राविधिक संरचना, नीतिहरू र निगरानी प्रणाली आवश्यक हुन्छ। फोनपेले यो प्रमाणपत्र प्राप्त गर्नुले कार्डधारकको डाटा सुरक्षित राख्न र सुरक्षा पूर्वाधार बलियो बनाउन गरेको लगानी र प्रतिबद्धतालाई दर्शाउँछ।

"सुरक्षा कुनै एकपटक हासिल हुने लक्ष्य होइन, यो निरन्तर गरिने प्रयास हो," फोनपेका मुख्य सञ्चालन अधिकृत (सीओओ) पारश कुँवरले भने, "पीसीआई डीएसएस लेभल १ प्रमाणपत्र प्राप्त गर्नु भनेको डाटा सुरक्षालाई प्राथमिकतामा राख्दै, बलियो पेमेन्ट इकोसिस्टम निर्माण गर्न हाम्रो संयुक्त प्रयासको मान्यता हो। यस प्रमाणपत्रले फोनपे पेमेन्ट नेटवर्कमाथि रहेका हाम्रा साझेदार बैंक तथा वित्तीय संस्था, इवालेटहरू तथा सम्पूर्ण ग्राहक वर्गको डाटा सुरक्षामाथिको विश्वासनीयता थप सुदृढ गर्न मद्दत गर्नेछ।"

यो प्रमाणपत्र एक स्वतन्त्र र विस्तृत मूल्याङ्कनपछि प्रदान गरिएको हो जुन पीसीआई डीएसएस संस्थाले प्रमाणित गरेको योग्य सुरक्षा अनुगमनकर्ताद्वारा सम्पन्न गरिएको थियो। मूल्याङ्कनमा डेटा सुरक्षा, सुरक्षित नेटवर्क संरचना, पहुँच नियन्त्रण, जोखिम व्यवस्थापन, र निरन्तर निगरानीलगायत १२ प्रमुख सुरक्षा क्षेत्रहरू समेटिएका थिए।

# धितोपत्र बोर्डको सञ्चालक सदस्यमा हेमराज ढकाल नियुक्त



काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकाल धितोपत्र बोर्डको सञ्चालक सदस्य नियुक्त भएका छन् । निजी क्षेत्रबाट प्रतिनिधित्व गर्दै उनी सञ्चालक नियुक्त भएका हुन् । नेपालको बैंक वित्त तथा पुँजी बजारमा उनलाई ज्ञान रहेको छ । ढकाललाई अध्यक्ष सन्तोषनारायण श्रेष्ठले पद तथा गोपनीयताको शपथ खुवाए । बोर्डमा निजी क्षेत्रबाट संचालकमा नियुक्त हुने गरेको छ। उनलाई नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघको तर्फबाट सेबोन सदस्यका रुपमा मनोनयन गरी पठाएका हुन् ।उनी हेरिटेज ग्रुप अफ इन्ड्रष्टिजका अध्यक्ष हुन् ।

# बुटवल पावर कम्पनीको नाफा १६.५८ प्रतिशत बढ्यो

काठमाडौं । गत आर्थिक वर्षको चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण बुटवल पावर कम्पनी लिमिटेडले प्रकाशित गरेको छ। उक्त कम्पनीको वित्तीय विवरणअनुसार नाफा आर्थिक वर्ष २०८०/८१ को सोही अवधिको तुलनामा बढेको छ। आर्थिक वर्ष २०८०र८१ को अन्त्यसम्ममा १९ करोड ३९ लाख रुपैयाँ खुद नाफा कमाएको यस कम्पनीले गत आर्थिक वर्षको अन्त्यसम्ममा २२ करोड ६१ लाख रुपैयाँ मात्र यस्तो नाफा कमाएको छ। समीक्षा अवधिमा कम्पनीको खुद नाफा १६.५८ प्रतिशत बढेको हो।

समीक्षा अवधिमा कम्पनीको विद्युत बिक्री आम्दानी ५.७९ प्रतिशत बढेर ७३ करोड ३७ लाख रुपैयाँ पुगेको छ। त्यस्तै, कम्पनीको कुल नाफा समीक्षा अवधिमा २३.९२ प्रतिशत बढेको छ भने अन्य आम्दानी ६.७४ प्रतिशत घटेको छ। कम्पनीको सञ्चालन मुनाफा समीक्षा अवधिमा २४.३४ प्रतिशत बढेको छ।

नाफासँगै कम्पनीको प्रतिशेयर आम्दानी पनि बढेको छ। समीक्षा अवधिमा कम्पनीको यस्तो आम्दानी ९४ पैसा बढेर ६ रुपैयाँ ६३ पैसा पुगेको छ। गत आर्थिक वर्षको अन्त्यसम्ममा कम्पनीको प्रतिसेयर नेटवर्थ २०८ रुपैयाँ २ पैसा र मूल्य आम्दानी अनुपात १४४.३९ गुणा रहेको छ। ३ अर्ब ४० करोड ९० लाख रुपैयाँ चुक्ता पूँजी रहेको यस कम्पनीको अन्य इक्विटी ३ अर्ब ६८ करोड २४ लाख रुपैयाँ रहेको छ।

# एनआइएमबीका ग्राहकलाई सारंग हेल्थ केयरमा विशेष छुट




काठमाडौं । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (एनआइएमबी) लिमिटेडले आफ्ना ग्राहकलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले ललितपुर बखुन्डोलस्थित सारंग हेल्थ केयर प्रालिसँग सम्झौता गरेको छ।

सम्झौताअन्तर्गत एनआइएमबी डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताहरू र एनआइएमबी स्मार्ट एप (मोबाइल बैंकिङ) प्रयोगकर्ताहरूले सारंग हेल्थ केयरको स्वास्थ्य सेवामा विशेष छुट सुविधा प्राप्त गर्न सक्ने बताइएको छ।

छुट लिनका लागि ग्राहकहरूले एनआइएमबी डेबिट/क्रेडिट कार्ड वा एनआइएमबी स्मार्ट एपमार्फत भुक्तानी गर्नुपर्ने हुन्छ। सम्झौताअनुसार बैंकका ग्राहकले ल्याब सेवामा १० देखि १५ प्रतिशतसम्म, कल्चर तथा विशिष्ट परीक्षणमा सात प्रतिशत छुट पाउनेछन्। त्यस्तै, इसिजी, युएसजी, इको, एन्डोस्कोपी, कोलोनोस्कोपी र कोल्पोस्कोपी सेवामा पनि सात प्रतिशत छुट पाउने बताइएको छ।

# माउन्ट एभरेस्टको बिक्री प्रबन्धकमा सिद्धार्थ क्यापिटल




काठमाडौं । सिद्धार्थ क्यापिटल माउन्ट एभरेस्ट डिस्टिलरीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त भएको छ। बिक्री प्रबन्धक नियुक्त गर्नेबारे दुई पक्षबिच बुधबार सिद्धार्थ क्यापिटलको कार्यालय, नक्सालमा सम्झौता भएको छ। सम्झौतापत्रमा सिद्धार्थका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्दीप कार्की र माउन्ट एभरेस्टका प्रबन्ध सञ्चालक सतीशकुमार कर्णले हस्ताक्षर गरे।

माउन्ट एभरेस्टले १२ लाख ५० हजार कित्ता सेयर सर्वसाधारणमा निष्कासन गर्न लागेको छ। विसं ०६५ मा स्थापना भएको माउन्ट एभरेस्टले हाल ब्लेन्डेड मदिरा, अन्नबाट उत्पादित इएनए स्पिरिट, डिस्टिलर्स वेट ग्रेन सोल्युबल उत्पादन गर्दै आइरहेको छ। हाल ७० युपी र ५० युपीअन्तर्गतका आफ्नै ब्रान्ड उत्पादन तथा बिक्री गरिरहेको कम्पनीले छिट्टै प्रिमियम २५, ३० र ४० युपीअन्तर्गतका मदिरा ब्रान्ड बजारमा ल्याउने योजना राखेको छ।

# 'एनआइसी एसिया इक्विटी लिंक्ड इन्भेस्टमेन्ट स्किम' बिक्रीमा




काठमाडौं । एनआइसी म्युचुअल फन्डअन्तर्गत 'एनआइसी एसिया इक्विटी लिंक्ड इन्भेस्टमेन्ट स्किम' बिहीबारदेखि बिक्रीमा आउँदै छ। एनआइसी एसिया क्यापिटल योजना व्यवस्थापक रहेको यो दोस्रो खुलामुखी योजना हो। क्यापिटलले प्रतिएकाइ १० रुपैयाँअंकित दरका १० करोड एकाइ बिक्रीमा ल्याउन लागेको हो। यसमध्ये कुल निष्कासन हुने एकाइको १५ प्रतिशत अर्थात् एक करोड ५० लाख एकाइ योजना व्यवस्थापक एनआइसी एसिया बैंकलाई सुरक्षित गरिनेछ। त्यस्तै, बाँकी आठ करोड ५० लाख एकाइमध्ये पहिलो चरणमा पाँच करोड एकाइ सर्वसाधारणलाई बिक्री गर्न लागिएको हो। लगानीकर्ताले योजनामा न्यूनतम १०० र अधिकतममा एक करोड एकाइ खरिदका लागि २ भदौसम्म आवेदन दिन पाउनेछन्।

क्यापिटलका अनुसार खुलामुखी म्युचुअल फन्डमध्ये पहिलोपटक यो योजनामा मिनी एसआइपी (व्यवस्थित लगानी योजना) तथा एसटिपी (व्यवस्थित स्थानान्तरण योजना)जस्ता विशेषता छन्। क्यापिटलले सञ्चालन गरिरहेका म्युचुअल फन्डले उचित प्रतिफल वितरण गर्दै आएका छन्। व्यवस्थित तथा नियमित रूपमा लगानी गरी उचित प्रतिफल चाहनेहरूका लागि यो योजना लगानीको उपयुक्त विकल्प रहेको बताइएको छ। यस इक्विटी लिंक्ड इन्भेस्टमेन्ट योजनामा लगानी गर्ने लगानीकर्ताले निश्चित समयसम्म नियमित लगानी गरी 'पावर अफ कम्पाउन्डिङ'को लाभ लिन सक्नेछन्। त्यसैगरी, पहिलोपटक पाँच सय रुपैयाँमै मिनी एसआइपी गर्न सक्ने सुविधा पनि यस योजनामा छ। साथै, अर्को खुलामुखी योजनामा लगानी स्थानान्तरण, निश्चित समयपछि आवश्यकताअनुसार नियमित रकम निकाल्न, क्षमताअनुसार थप रकम लगानी गर्न मिल्नेलगायतका सुविधा योजनामा समावेश रहेको क्यापिटको भनाइ छ।

# मधेशका कर्मचारीसँग सिटिजन्स बैंकको अन्तरक्रिया




काठमाडौं । सिटिजन्स बैंकले मधेश प्रदेशमा 'मधेश लिडरसिप : ड्राइभिङ पर्फमेन्स एन्ड अचिभिङ गोल्स' सेमिनार आयोजना गरेको छ। बैंकले आफ्ना शाखा-प्रबन्धक तथा अन्य सहकर्मीमाझ यो कार्यक्रम आयोजना गरेको हो। बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) गणेशराज पोखरेल, उपप्रमुख कार्यकारी अधिकृत र वरिष्ठ कार्यकारीका उपस्थितिमा सम्पन्न सेमिनारमा चालू आर्थिक वर्षका स्थानीय प्राथमिकतामा सहमति जुटाउँदै केन्द्र र प्रदेशबिच सहकार्य सुदृढ गर्ने विषयमा छलफल भएको बताइएको छ।

मधेशकेन्द्रित यो कार्यक्रमजस्तै अन्य प्रदेशमा पनि विस्तार गरिने बैंकले जनाएको छ। बैंकले आव ०८१/८२ को असार मसान्तसम्म खुद ब्याज आम्दानी ११.२० प्रतिशतले बढाई ६ अर्ब ३६ करोड रुपैयाँ पुऱ्याएको छ।

कर्जा-निक्षेप अनुपात (सिडी रेसियो) ८१.९१ प्रतिशत रहेको छ, जसले बैंकको तरलता व्यवस्थापन सन्तुलित भएको देखाउँछ। देशैभरि ६१ जिल्लामा फैलिएका दुई सय शाखा, एक सय ६९ एटिएम, तीन विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइबाट सेवा प्रदान गर्दै आएको छ।

# एनसेल–आइकमसहितको सहकार्यमा 'संग्रहालय' विमोचन




काठमाडौं । एनसेल फाउन्डेसन, आइकम नेपाल र नारायणहिटी दरबार संग्रहालयको साझेदारीमा अनुसन्धानमूलक जर्नल 'संग्रहालय' विमोचन गरिएको छ। संग्रहालयको आधारभूत मान्यता, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यास र इतिहासका विभिन्न पक्ष समेटिएको जर्नल 'संग्रहालय' मंगलबार विमोचन गरिएको हो। एक कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले जर्नलको विमोचन गरे। मन्त्री पाण्डेले नेपालको संग्रहालयका विभिन्न आयाम उल्लेख गरी भएको जर्नल प्रकाशन उत्कृष्ट प्रयास भएको उल्लेख गर्दै जर्नल प्रकाशनमा एनसेल फाउन्डेसनको सहयोगले संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिताको प्रशंसा गरे।

मन्त्री पाण्डेले हाल संग्रहालयहरूको दर्ता, मापदण्ड तथा व्यवस्थापनका सम्बन्धमा सरकारले नीतिगत तहमा काम गरिरहेको जानकारी दिए। त्यस्तै, एनसेलकी कर्पोरेट कम्युनिकेसन एन्ड सस्टेनेबिलिटी डाइरेक्टर विशाखालक्ष्मी खड्काले कला र संस्कृति हाम्रा पहिचान भएको र यसको संरक्षण गर्नु सबैको कर्तव्य रहेको बताइन्।

'संस्कृति र सम्पदाको प्रवर्द्धन गर्न आइकम नेपालसँगको सहकार्यमा सार्वजनिक निजी साझेदारीअन्तर्गत यो महत्वपूर्ण कार्यक्रम गर्न पाएकामा हामी खुसी छौं,' खड्काले भनिन्। नेपाली कला र सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन एनसेल फाउन्डेसनको प्राथमिकतामा रहेको उनको भनाइ थियो। नेपालका लागि युनेस्कोका प्रतिनिधि याको दु तोईले सांस्कृतिक प्रवर्द्धन, सामुदायिक छलफल र शिक्षाका लागि नेपालका संग्रहालयले भूमिका खेलेको उल्लेख गर्दै संग्रहालय संस्कृतिको थप विकास गर्नुपर्ने आवश्यकता औँल्याए। इन्टरनेसनल काउन्सिल फर म्युजियम (आइकम) नेपालका अध्यक्ष रमेशप्रसाद दवाडीले आइकमले नेपालमा संग्रहालयको दायरा फराकिलो पार्दै संस्कृति संरक्षणमा काम गर्ने बताए।

# आइएमई लाइफको एजेन्सी म्यानेजर अवार्ड २०२५ सम्पन्न



काठमाडौं । आइएमई लाइफ इन्स्योरेन्स अन्तर्गत सनसाइन ग्रुपले कोशी प्रदेशका एजेन्सी म्यानेजर र टिम लिडरहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम तथा एजेन्सी म्यानेजर लाई सम्मान गर्ने विशेष कार्यक्रम ईटहरी स्थित गंगा जमुना होटलमा भव्य रूपमा सम्पन्न गरेको छ । कार्यक्रमका प्रमुख अतिथि आईएमई लाइफ इन्स्योरेन्स कम्पनीका सीईओ पवन कुमार खड्का रहेका थिए । उनले कम्पनीको भविष्य रणनीति र हालसम्मको प्रगति विवरण प्रस्तुत गर्दै सहभागीहरूलाई आगामी दिनको मार्गदर्शन प्रदान गरेका छन् ।

विशिष्ट अतिथिका रूपमा तालिम विभाग सुनिल कुमार आचार्य , कोशी प्रदेश प्रमुख मिलन दाहाल सहायक प्रदेश प्रमुख ओम प्रकाश राई चिफ एजेन्सी मेनेजर नव उपाध्यायले सहभागीलाई प्रेरणादायी सन्देश प्रदान गर्दै 'एजेन्सी र बीमाको सम्बन्ध', 'आजको जीवन बीमाको महत्व' तथा 'बीमा अभिकर्ताको उज्यालो भविष्य' बारे गहन रूपमा प्रकाश पारेका छन् ।

कार्यक्रममा आइएमई लाइफका चिफ एजेन्सी मेनेजर तथा सनसाइन लिडर्सका ग्रुपका अध्यक्ष देवेन्द्र कोईरालाको अध्यक्षता रहेको थियो । कार्यक्रम सञ्चालन तरहरा शाखा प्रमुख विजय खनालले गरेका थिए भने स्वागत मन्तव्य एमडीआरटी तथा सिनियर एजेन्सी मेनेजर नवराज पौडेलले गरेका थिए ।आइएमई लाइफको एमडीआरटी , चिफ एजेन्सी म्यानेजर, सिनियर एजेन्सी म्यानेजरहरू, शाखा प्रमुखहरू तथा शीर्ष टिमको उपस्थिति रहेको उक्त कार्यक्रममा १०० जना भन्दा बढीको सक्रिय सहभागिता रहेको थियो। एकदिनको कार्यक्रमबाट सिकेका कुराहरूको बारेमा सहभागीहरूबाट पनि समीक्षा गरिएको थियो। कार्यक्रमले सहभागीहरूमा उत्साह, प्रेरणा र भविष्यप्रतिको विश्वास थप बलियो बनाएको हौसला प्रदान गर्नुहुदै बिमाको महत्व बुझाउनु पर्ने कुरामा जोड दिँदै अध्यक्ष देवेन्द्र कोईरालाले कार्यक्रम समापन गरेका थिए।

# नेसनल लाइफको एनुअल कन्फ्रेन्स सम्पन्न



काठमाडौं । नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले चारदिने ब्रान्च म्यानेजर्स एनुअल कन्फ्रेन्स सम्पन्न गरेको छ। कम्पनीले 'रिडिफाइनिङ सक्सेस' नारासहित धुलिखेलमा सम्पन्न गरेको हो। कार्यक्रममा गत आवमा उत्कृष्ट व्यवसाय गर्दै तोकिएको लक्ष्य पूरा गर्ने शाखालाई सम्मान तथा पुरस्कृत गरिएको थियो। कम्पनीकी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहसहित कार्यक्रममा देशैभरिबाट प्रदेश प्रमुख, शाखा प्रमुख र मार्केटिङ कर्मचारीको सहभागिता थियो।

अध्यक्ष सिंहले बिमा व्यवसाय प्रतिस्पर्धात्मक हुँदै गइरहेको अवस्थामा कम्पनीको व्यवसाय वृद्धि तथा तोकिएको लक्ष्य पूरा गर्ने सबै शाखालाई धन्यवाद दिइन्। सहभागी कर्मचारीलाई व्यावसायिक दक्षता अभिवृद्धि गर्न पूर्वबैंकर अनिलकेशरी शाहले नेतृत्व विकास तालिम दिएका थिए।

यसैगरी नेपाल बिमा प्राधिकरणका उपनिर्देशक पदमप्रसाद सोडारीले सम्पत्ति शुद्धीकरणबारे प्रशिक्षण दिए। गत आवमा उत्कृष्ट ठहरिएका शाखा कार्यालयलगायत वार्षिक लक्ष्य पूरा गर्ने शाखा कार्यालय र विभिन्न विधामा उत्कृष्ट रहेका शाखा कार्यालयलाई प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले सम्मान तथा पुरस्कृत गरेका थिए।

# बयालपाटा अस्पताललाई सांग्रिलाले दियो अक्सिजन कन्सन्ट्रेटर




काठमाडौं । सांग्रिला डेभलपमेन्ट बैंकले अछामको बयालपाटा अस्पताललाई एक थान 'अक्सिजन कन्सन्ट्रेटर' हस्तान्तरण गरेको छ। बयालपाटा अस्पतालमा आयोजित एक कार्यक्रममा बैंकका साँफेबगर शाखा प्रबन्धक अनुपम महराले अस्पतालका निर्देशक डा. मन्दीप पाठकलाई 'अक्सिजन कन्सन्ट्रेटर' हस्तान्तरण गरे।

कार्यक्रममा अस्पतालका निर्देशक डा. पाठकले निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्दै आएको बयालपाटा अस्पतालमा बिरामीको उपचारका लागि अक्सिजन व्यवस्थापन गर्न सहज हुने बताए। ५० बेडको उक्त अस्पतालमा दैनिक दुई सयदेखि अढाई सयसम्म बिरामीले उपचार सेवा लिने गरेको निर्देशक डा. पाठकले बताए।

अब सम्पूर्ण आर्थिक खबर एकै ठाउँमा
corporatetimes.com.np
पत्रिका सम्बन्धी कुनै गुनासो वा सल्लाह सुझाव भए हामीलाई भन्नुहोस् ।
फोन: ९७०६२४७४०० इमेल: corporatetimes0@gmail.com

# नाफा साढे ७१ अर्ब रुपैयाँ हुँदा पनि २१ अर्बमात्र लाभांश वितरण गर्न सकिने अवस्थामा बैंकहरू

काठमाडौं । गत वर्ष वाणिज्य बैंकहरुले साढे ७१ अर्ब रुपैयाँ बढी खुद नाफा आर्जन गरेका छन् । बैंकहरुले सार्वजनिक गरेको वित्तीय विवरण अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा बैंकहरुले ७१ अर्ब ५१ करोड ७ लाख १८ हजार रुपैयाँ नाफा गरेका हुन् । जुन अघिल्लो वर्षको तुलनामा गत वर्ष बैंकहरुको नाफा ४३.३९ प्रतिशत अर्थात् २१ अर्ब ६३ करोड ९२ लाख ९१ हजार रुपैयाँ बढी हो । अघिल्लो वर्ष २० वटा वाणिज्य बैंकले ४९ अर्ब ८७ करोड १४ लाख २७ हजार रुपैयाँ नाफा गरेका थिए ।

गत वर्ष ४ बैंकबाहेक अधिकांश बैंकको नाफामा वृद्धि भएको देखिन्छ । गत वर्ष सबैभन्दा धेरै नाफा आर्जन नबिल बैंकले गरेको छ । नबिल बैंकले ७ अर्ब १२ करोड ७५ लाख ६६ हजार रुपैयाँ नाफा गरेको हो । जुन वाणिज्य बैंकहरुमा सबैभन्दा धेरै हो । अघिल्लो वर्ष बैंकले ६ अर्ब १९ करोड ७१ लाख ९ हजार रुपैयाँ नाफा गरेको थियो । अघिल्लो वर्षको तुलनामा गत वर्ष बैंकको नाफा १५.०१ प्रतिशत बढी हो । यस्तै, सबैभन्दा धेरै नाफा गर्नेको दोस्रो सूचीमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (एनआईएमबि) रहेको छ । बैंकको गत वर्ष खुद नाफा ६४.४३ प्रतिशत बढेर ६ अर्ब ७५ करोड ६६ लाख ४९ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्षमा बैंकले ४ अर्ब १० करोड ८८ लाख ९२ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

यस्तै, ग्लोबल आइएमई बैंकको नाफा १.०९ प्रतिशत बढेर ६ अर्ब २० करोड ४७ लाख ४५ हजार रुपैयाँ आर्जन गरेको छ । बैंकले अघिल्लो वर्ष ६ अर्ब १३ करोड ७४ लाख ५४ हजार रुपैयाँ खुद नाफा गरेको थियो । प्रभु बैंकको गत वर्ष नाफा ९६५.४० प्रतिशत बढेर ५ अर्ब ४४ करोड २६ लाख ९३ हजार रुपैयाँ आर्जन गरेको छ । बैंकले अघिल्लो वर्ष ५१ करोड ८ लाख ५६ हजार रुपैयाँ खुद नाफा गरेको थियो । एभरेष्ट बैंकको नाफा ३२.८० प्रतिशत बढेर ४ अर्ब ९१ करोड ८१ लाख ६५ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले ३ अर्ब ७० करोड ३२ लाख २५ हजार रुपैयाँ खुद नाफा गरेको थियो ।

कृषि विकास बैंकको गत वर्ष खुद नाफा ४३.३८ प्रतिशत बढेर ४ अर्ब १५ करोड ४४ लाख ७५ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्ष बैंकले २ अर्ब ८९ करोड ७४ लाख ८७ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

लक्ष्मी सनराइज (एलएस) बैंकको गत वर्ष नाफा ४०.९७ प्रतिशत बढेर ४ अर्ब ११ करोड ६९ लाख ६७ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्षमा बैंकले २ अर्ब ९२ करोड ३ लाख ७९ हजार खुद नाफा आर्जन गरेको थियो ।

प्राइम बैंकको गत वर्ष नाफा १४.७२ प्रतिशत बढेर ४ अर्ब २ करोड ४४ लाख ३१ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्षमा बैंकले ३ अर्ब ५० करोड ७८ लाख ९४ हजार खुद नाफा आर्जन गरेको थियो । राष्ट्रिय वाणिज्य बैंकको गत वर्ष खुद नाफा ४९.५३ प्रतिशत बढेर ३ अर्ब ८१ करोड ६७ लाख ९ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्षमा बैंकले २ अर्ब ५५ करोड २४ लाख ६७ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो । नेपाल बैंकको गत वर्ष खुद नाफा १३ हजार १७५ प्रतिशत बढेर ३ अर्ब ७७ करोड ३० लाख ८ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्षमा बैंकले २ करोड ८४ लाख २० हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

सिद्धार्थ बैंकको गत वर्षमा खुद नाफा १०.२३ प्रतिशत बढेर ३ अर्ब ३९ करोड ५२ लाख रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्ष बैंकले ३ अर्ब ८ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

एनएमबि बैंकको गत वर्ष नाफा ४६.२२ प्रतिशत अर्थात् १ अर्ब ३ करोड ७३ लाख ९६ हजार रुपैयाँ बढेर ३ अर्ब २८ करोड १७ लाख ९१ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले २ अर्ब २४ करोड ४३ लाख ९५ हजार रुपैयाँ खुद नाफा गरेको थियो । स्ट्याण्डर्ड चार्टर्ड बैंकको खुद नाफा ७.५० प्रतिशत घटेर ३ अर्ब २ करोड ९३ लाख ३ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले ३ अर्ब २७ करोड ५२ लाख ६८ हजार रुपैयाँ नाफा गरेको थियो । सानिमा बैंकको गतमा खुद नाफा ७.२४ प्रतिशत बढेर २ अर्ब ५७ करोड ११ लाख ५५ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले २ अर्ब ३९ करोड ७४ लाख ४३ हजार रुपैयाँ खुद नाफा गरेको थियो । कुमारी बैंकको खुद नाफा ४५ हजार ८२९ प्रतिशत बढेको छ । बैंकको नाफा वृद्धिदर समग्र बैंकिङ क्षेत्रमै उच्च हो । बैंकले गत वर्ष २ अर्ब ११ करोड ६४ लाख ९ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले ४६ लाख ८ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

माछापुच्छ्रे बैंकको खुद नाफा ९२.४४ प्रतिशत अर्थात् ९६ करोड ६२ लाख ६२ हजार रुपैयाँ बढेर २ अर्ब १ करोड १४ लाख ६१ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले १ अर्ब ४ करोड ५१ लाख ९९ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो । नेपाल एसबिआई बैंकको गत वर्ष नाफा ९.८६ प्रतिशत घटेर १ अर्ब ८० करोड २५ लाख ८० हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्षमा बैंकले १ अर्ब ९९ करोड ९७ लाख ७२ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

हिमालयन बैंकको गत वर्ष नाफा २२.१४ प्रतिशत बढेर १ अर्ब ५१ करोड २५ लाख ३२ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले १ अर्ब २३ करोड ८३ लाख ३ हजार रुपैयाँ खुद नाफा गरेको थियो ।

सिटिजन्स बैंकको गत वर्ष खुद नाफा २ प्रतिशत घटेर १ अर्ब २९ करोड ३२ लाख २१ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्ष बैंकले १ अर्ब ३२ करोड ७ लाख ३१ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो । एनआईसी एशिया बैंकको गत वर्ष नाफा ७६.९६ प्रतिशत घटेर १६ करोड १५ लाख ७३ हजार रुपैयाँ आर्जन गरेको छ । अघिल्लो वर्ष बैंकले ७० करोड १४ लाख ९७ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

**२१ अर्बमात्र लाभांश वितरण गर्न सक्ने**

वाणिज्य बैंकहरूले २१ अर्ब रूपैयाँ बराबरको मात्र लाभांश वितरण गर्न सक्ने देखिएको छ । बैंकहरूले प्रकाशन गरेको अपरिस्कृत वित्तीय विवरणअनुसार उनीहरूले ७१ अर्ब रूपैयाँ खुद नाफा गर्दा १ तिहाइभन्दा कममात्र सेयरधनीलाई दिन सक्ने देखिएको हो । बैंकहरूले खुद नाफाबाट २० प्रतिशत रकम अनिवार्य रूपमा जगेडामा छुट्याउनुपर्छ, त्यसपछि क्यापिटल रिडेम्सन रिजर्भ, संस्थागत सामाजिक उत्तरदायित्व, कर्मचारी तालीम कोषमा पनि रकम छुट्याउनुपर्छ । त्यसपछि बक्यौता ब्याज र गैरबैंकिङ सम्पत्तिको आधा रकम नियामकीय जगेडामा राख्नुपर्छ । अन्य विविभ दायित्व समेत हिसाब गरेपछि बाँकी रहेको रकम लाभांशको रूपमा वितरण गर्न सक्छन् ।

तसर्थ ७१ अर्ब ४९ करोड रूपैयाँ खुद नाफा गरे तापनि बैंकहरूले २१ अर्ब ६८ करोड रुपैयाँमात्र वितरण गर्न सक्ने देखिन्छ । वित्तीय विवरणअनुसार सबैभन्दा बढी सञ्चित नाफा वा कुल वितरणयोग्य नाफा ग्लोबल आईएमई र दोस्रो धेरै एभरेष्ट बैंकको छ । ४ बैंक भने अझै सञ्चित नोक्सानीमा छन् । सबैभन्दा बढी सञ्चित नोक्सानी हिमालयन बैंकको छ । वितरणयोग नाफाका आधारमा सबैभन्दा धेरै लाभांश दिने क्षमता एभरेष्ट बैंकको छ । एभरेष्टले ३८.२७ प्रतिशत लाभांश दिने क्षमता राख्दा सानिमा दोस्रो र स्ट्यान्डर्ड चार्टर्ड तेस्रो स्थानमा छ । सञ्चित नोक्सानीमा रहेका बैंकले लाभांश दिन सक्दैनन् ।


## सूचना ! सूचना !! सूचना !!!

**व्यक्तिगत घटना दर्ता (जन्म, मत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं । लैगिक हिंसावि(वरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं । सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।
- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं । सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
- पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं । चुरोट, बिडीका बलेका ठुटा जथाभावी नफालौं तथा घर बाहिर जानै परे आगो निभाएर मात्रै जाउँ ।
- चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि १० लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।
- वैदेशीक रोजगारीमा जानै परे सिप सिकेर मात्रै जाउँ । घर, गाउँ तथा नगरलाई स्वच्छ, सफा र हराभरा बनाउन सहयोग पुर्‍याई सभ्य समाजको निर्माणमा जुटौं ।
- धुम्रपान तथा सूर्तिसेवनको प्रयोग नगर्ने । धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा लगभग ३ गुणा बढी हुन्छ । धुम्रपान तथा सुर्तिसेवन त्यागेकै दिन देखि हृदयघातको सम्भावना घट्दै जान्छ युवावस्था देखि नै धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा अत्यन्त धेरै हन्छ ।

**विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।**

**घोडाघोडी नगरपालिका**
नगर कार्यपालिकाको कायार्लय
कैलाली, सूदुरपश्चिम प्रदेश, नेपाल



## सूचना ! सूचना !! सूचना !!!

**व्यक्तिगत घटना दर्ता (जन्म, मत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं । लैगिक हिंसावि(वरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं । सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।
- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं । सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
- पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं । चुरोट, बिडीका बलेका ठुटा जथाभावी नफालौं तथा घर बाहिर जानै परे आगो निभाएर मात्रै जाउँ ।
- चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि १० लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।
- वैदेशीक रोजगारीमा जानै परे सिप सिकेर मात्रै जाउँ । घर, गाउँ तथा नगरलाई स्वच्छ, सफा र हराभरा बनाउन सहयोग पुर्‍याई सभ्य समाजको निर्माणमा जुटौं ।
- धुम्रपान तथा सूर्तिसेवनको प्रयोग नगर्ने । धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा लगभग ३ गुणा बढी हुन्छ । धुम्रपान तथा सुर्तिसेवन त्यागेकै दिन देखि हृदयघातको सम्भावना घट्दै जान्छ युवावस्था देखि नै धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा अत्यन्त धेरै हन्छ ।

**विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।**

**गौरीगंगा नगरपालिका**
नगर कार्यपालिकाको कायार्लय
कैलाली, सूदुरपश्चिम प्रदेश, नेपाल

# अमेरिकाको अनुमतिपछि एमसीए नेपालले बढायो कामको गतिः दुई प्रसारण लाइन निर्माण सम्झौता

दिपक पौडेल / काठमाडौं

अमेरिकी सरकारले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गत नेपालमा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरेसँगै मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए नेपाल) ले पनि कामको गति बढाएको छ। सोही क्रममा एमसीए नेपालले रातमाटे-नयाँ दमौली प्रसारण लाइन र नयाँ दमौली-नयाँ बुटवल प्रसारण लाइन निर्माण सम्झौता गरेको छ। एमसीए नेपालले १५ करोड ४५ लाख अमेरिकी डलर (२१ अर्ब ६३ करोड रुपैयाँ) को प्रसारण लाइन निर्माण सम्झौता गरेको हो। बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा एमसीए नेपाल र निर्माण पक्षबीच सम्झौता भएको हो।




संयुक्त राज्य अमेरिका सरकारबाट वैदेशिक सहायता समीक्षा सफलतापूर्वक सम्पन्न भएपछि नयाँ ऊर्जा र दुवै सरकारको साझा प्रतिबद्धताका साथ एमसीसीको नेपाल कम्प्याक्ट पुनः सक्रिय भएको हो। यसअनुसार एमसीए नेपालले नेपाल र संयुक्त राज्य अमेरिका सरकारको संयुक्त लगानीमा सञ्चालित कम्प्याक्टको विद्युत् प्रसारण आयोजनालाई अगाडि बढाउने क्रममा बिहीबार दुई प्रमुख सम्झौतामा हस्ताक्षर गरेको छ। नेपालमा सञ्चालन भइरहेका रूपान्तरणकारी पूर्वाधार निर्माणसम्बन्धी आयोजनाका लागि यो महत्त्वपूर्ण उपलब्धि भएको एमसीए नेपालले जनाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनले रोकिएको एमसीसी कार्यक्रमले यही साउन तेस्रो साता निरन्तरताको अनुमति पाएको थियो। कार्यक्रमलाई निरन्तरता दिन अमेरिकी सरकारले निर्णय गरेको भन्दै नेपालस्थित अमेरिकी दूतावासले अर्थ मन्त्रालयलाई औपचारिक जानकारी गराएको थियो। 'अमेरिकी सरकारले गरेको वैदेशिक सहायता समीक्षाले एमसीसी नेपाल सम्झौताको कार्यान्वयनलाई निरन्तरता दिन सिफारिस गरेको छ, हामीले नेपाल सरकारलाई यस निर्णयबारे सूचित गराएका छौं,' दुई साताअघि अमेरिकी दूतावासले भनेको थियो, '५० करोड डलर बराबरको एमसीसी सम्झौता र त्यसमा नेपाल सरकारको थप १९.७ करोड डलर योगदानले विद्युत् प्रसारण पूर्वाधारको निर्माण र सडक सञ्जालको सुधार गरी समृद्धि र क्षेत्रीय ऊर्जा प्रवर्द्धनमा टेवा पुऱ्याउँछ।'

यो निर्णयसँगै निर्बाध रूपमा एमसीसी नेपालको कार्यक्रम अघि बढ्न बाटो खुलेको थियो। उक्त अनुमतिपछि एमसीए नेपालले पहिलो पटक दुई प्रसारण लाइनको निर्माण सम्झौता गरेको हो। त्यसअघि एमसीए नेपालले निर्माण सुरु भएका आयोजनाको काम जारी रहिरहेको दाबी गरे पनि नयाँ काम हुन सकेको थिएन। निर्माणको गति पनि सुस्त थियो। अब भने एमसीए नेपालले नयाँ निर्माणको काम पनि अघि बढाएको हो। अन्तर्राष्ट्रिय बोलपत्र प्रक्रियाबाट छानिएका दुई निर्माण कम्पनीसँग बिहीबार सम्झौता गरिएको हो। यसअनुसार एमसीए नेपालले रातमाटे-नयाँ दमौली प्रसारण लाइनको निर्माण सम्झौता एन्जेलिक स्किपर जेभी (संयुक्त उपक्रम) सँग र नयाँ दमौली-नयाँ बुटवल प्रसारण लाइन निर्माण सम्झौता वाइबा सलासर जेभी (संयुक्त उपक्रम) सँग गरेको हो।अर्थ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, एमसीसीका कार्यवाहक उपाध्यक्ष, एमसीसी आवासीय राष्ट्रिय नियोगका प्रतिनिधिहरू, अमेरिकी दूतावासका अधिकारीहरूको उपस्थितिमा एमसीए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र दुई कम्पनीका प्रतिनिधिले बिहीबार सम्झौतामा हस्ताक्षर गरेका हुन्। सम्झौतापत्रमा दुवै प्रसारण लाइन निर्माणको काम ४२ महिनाभित्र सम्पन्न गर्नुपर्ने उल्लेख छ। संयुक्त लागत १५.४५ करोड अमेरिकी डलर (करिब साढे २१ अर्ब नेपाली रुपैयाँ) रहेका यी सम्झौताअन्तर्गत १८० किमि लामो ४०० केभी प्रसारण लाइनको डिजाइन, स्थापना, परीक्षण र सञ्चालनलगायत काम हुनेछन्।

प्रसारण लाइन र सबस्टेसन निर्माणसम्बन्धी नेपाल सरकारको योजनालाई कार्यान्वयन गर्न अमेरिकी सरकारबाट प्राप्त आर्थिक सहयोग निकै महत्वपूर्ण रहेको एमसीए नेपालका सञ्चालक समितिका अध्यक्ष एवं अर्थ सचिव घनश्याम उपाध्यायले बताए। यस कार्यक्रमका लागि नेपाल सरकार पनि निरन्तर सहयोग गरेर समयमै आयोजना सम्पन्न गर्न लागिपर्ने उनले बताए। नेपालको ऊर्जा क्षेत्रको विकास र विस्तारका क्रममा यी प्रसारण लाइन कोसेढुंगा सावित हुने उनको भनाइ छ। 'सम्झौतामा हस्ताक्षर गरी एमसीसीले पारस्परिक प्राथमिकता र नेपालको विकास लक्ष्यहरूमा संयुक्त राज्य अमेरिकाको सहयोगलाई पुनः पुष्टि गरेको छ,' एमसीसीका कार्यवाहक उपाध्यक्ष जोन विंगलले भने, 'नेपालमा बिजुलीको उपलब्धता र विश्वसनीयतामा सुधार गर्नुका साथै क्षेत्रीय विद्युत् व्यापार र अन्तरआबद्धता अभिवृद्धि गर्न नेपाली समकक्षीहरूसँग मिलेर काम गर्न पाउँदा हामी गौरवान्वित छौं।'

नेपाल र अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसनको सहलगानीमा कार्यान्वयन गरिने कार्यक्रमको जिम्मेवार निकायका रूपमा विकास समिति ऐन, २०१३ अन्तर्गत २०७५ वैशाख ५ मा एमसीए-नेपाल स्थापना गरिएको हो। 'आज भएको निर्माण सम्झौता एउटा उपलब्धि मात्र नभई नेपालको विकास र समृद्धिप्रति संयुक्त राज्य अमेरिकाको स्थायी प्रतिबद्धताको मूर्त प्रतीक हो,' नेपालस्थित अमेरिकी दूतावासका नियोग उपप्रमुख जेसन मिक्सले भने, 'यस साझेदारीमार्फत हामी विद्युत् प्रसारण लाइन र आर्थिक पूर्वाधार मात्र निर्माण गरिरहेका छैनौं, नेपालको दीर्घकालीन विकासलाई पनि तीव्र पारिरहेका छौं।'

नेपाल र संयुक्त राज्य अमेरिकाबीचको सहकार्यको एक महत्वपूर्ण आधारशिला एमसीसी कम्प्याक्ट नेपाल भएको र यसले सम्पूर्ण नेपाली नागरिकलाई लाभान्वित गर्ने उनले बताए। 'नेपाल र नेपालीको उज्यालो भविष्यसँग एकैसाथ अघि बढ्न पाउँदा गर्वको अनुभूति गरिरहेका छौं,' उनले भने।

कम्प्याक्टलाई अघि बढाउन अमेरिकी सरकारबाट भइरहेको निरन्तर सहयोग र पछिल्लो अनुमतिको सराहना गरिने एमसीए नेपालका कार्यकारी निर्देशक विष्टले जनाए। 'आजको यो महत्वपूर्ण उपलब्धिमा यस राष्ट्रिय गौरव आयोजनाप्रति नेपाल सरकार र सबै सरोकारवालाको साझा प्रतिबद्धता प्रतिविम्बित भएको छ,' उनले भने। एमसीए नेपालले दिगो सहकार्य गर्दै आयोजनाअन्तर्गतका कार्यक्रम सफल निर्माण तथा कार्यान्वयनमा केन्द्रित रहने विष्टको भनाइ छ।

एमसीसी नेपाल कम्प्याक्ट निजी क्षेत्रको लगानी अभिवृद्धिका लागि सकारात्मक वातावरण निर्माण गर्दै नेपालको दीर्घकालीन आर्थिक विकासका लागि गरिएको ६९ करोड ७० लाख डलरको लगानी ऐतिहासिक भएको बताइएको छ। यसअन्तर्गत विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना कार्यान्वयन गरी महत्त्वपूर्ण पूर्वाधार सुदृढीकरण, सीमापार ऊर्जा व्यापार अभिवृद्धि र नेपालको यातायात सञ्जालमा सुधार गरेर अन्तरआबद्धता विस्तार गर्दै आर्थिक वृद्धिमा टेवा पुऱ्याउन एमसीसी नेपाल कम्प्याक्ट तयार रहेको जनाइएको छ। एमसीए नेपाल एमसीसीअन्तर्गतको कार्यक्रम हो। २०७४ भदौ २९ मा नेपाल सरकार र एमसीसीबीच भएको सम्झौताअनुसार २०८० भदौ १३ देखि परियोजना कार्यान्वयन सुरु भएको हो। सुरुवाती सम्झौतामा ६९ करोड ७० लाख डलरको (करिब ९२ अर्ब) परियोजनामा अमेरिकी सरकारले ५० करोड डलर र नेपाल सरकारले १९ करोड ७० लाख डलर बेहोर्ने उल्लेख छ।

# गत वर्ष निर्जीवन बीमा कम्पनीले कमाए सवा ४ अर्ब नाफा

काठमाडौं। निर्जीवन बीमा कम्पनीहरुको खुद नाफा ४ अर्ब नाघेको छ। हाल संचालनमा रहेका १४ ठुला निर्जीवन कम्पनीहरुले शुक्रबार प्रकाशन गरेको गत आर्थिक वर्ष २०८१-८२ को चौंथो त्रैमासिक वित्तीय विवरणले यस्तो देखाएको हो ।गत वर्ष कम्पनीहरुले ४ अर्ब १५ करोड ९७ लाख १७ हजार रुपैयाँ नाफा कमाएका हुन् । यद्यपि, यो अघिल्लो वर्षको तुलनामा भने २९.९३ प्रतिशत कमी हो । अघिल्लो वर्ष ती कम्पनीहरुले ५ अर्ब ८५ करोड २९ लाख ५७ हजार रुपैयाँ खुद नाफा कमाएका थिए।

आधा दर्जन कम्पनीको नाफामा गिरावट आएको छ। एक कम्पनी नोक्सानीमा छ । यी बाहेकका अन्य कम्पनीहरुले भने नाफा बढाएका छन्। गत वर्ष सर्वाधिक नाफा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स ७१ करोड ३१ लाख रुपैयाँ कमाएको छ। यो नाफा अघिल्लो वर्षको तुलनामा ३.६३ प्रतिशत धैरै हो।

नाफा रकमकै आधारमा दोस्रो स्थानमा भने नेको इन्स्योरेन्स छ। कम्पनीले गत वर्ष ५५ करोड ८ लाख २६ हजार रुपैयाँ खुद नाफा कमाएको छ। तर, अघिल्लो वर्षको तुलनामा नेकोको नाफा ६.७२ प्रतिशत घटेको हो । तेस्रो सूचीमा रहेको हिमालयन एभरेष्ट इन्स्योरेन्सले पनि ५३ करोड २३ लाख ३५ हजार रुपैयाँ खुद नाफा कमाएको छ। कम्पनीको नाफा वृद्धिदर भने ५.९५ प्रतिशत छ।

व्यापारमा नम्बर वान् शिखर इन्स्योरेन्सले पनि ४५ कराड २७ लाख रुपैयाँ खुद नाफा कमाएको छ। यो नाफा अघिल्लो वर्षको तुलनामा १.६६ प्रतिशत धैरै हो । तर, नाफा बढाउन भने प्रभू इन्स्योरेन्स तगडा देखिएको छ । कम्पनीले एकै वर्ष नाफाको आकार ३९.२४ प्रतिशत बढाएको हो । गत वर्ष कम्पनीले २१ करोड १९ लाख रुपैयाँ कमाएको छ । जबकि, अघिल्लो वर्षमा १५ करोड २२ लाख रुपैयाँ मात्रै नाफा कमाएको थियो। नाफा वृद्धिदरकै आधारमा दोस्रो सूचीमा रहेको सानिमा जिआइसीले ३५ करोड ३ लाख रुपैयाँ नाफा कमाएको छ । यो नाफा अघिल्लो वर्षको तुलनामा १०.१३ प्रतिशत बढी हो । गत वर्ष खुद नाफा दोहोरो अंकमा बढाउने यी दुई कम्पनी मात्र हुन्। यस्तै, एनएलजी इन्स्योरेन्स कम्पनीको खुद नाफा पनि ६.६६ प्रतिशत वृद्धि भई १६ करोड ११ लाख रुपैयाँ पुगेको छ। यता, नेपाल इन्स्योरेन्सको नाफा पनि ४.१८ प्रतिशत बढेर ३१ करोड ६४ लाख रुपैयाँ पुगेको छ।

तर, गत वर्ष नेशनल इन्स्योरेन्स भने ६२ करोड ३९ लाख रुपैयाँ नोक्सानीमा देखिएको छ । जबकि, अघिल्लो वर्ष कम्पनीले २६ करोड ६७ लाख रुपैयाँ खुद नाफा कमाएको थियो । यस्तै, ओरियण्टल इन्स्योरेनसको नाफा पनि ८६.१९ प्रतिशत, राष्ट्रिय बीमा कम्पनीको ३१.८३, आइजीआई प्रुडेन्सियलको २७.८३ प्रतिशत, युनाइटेड अजोडको १२.८७ प्रतिशत, सलिकोको १२.७२ प्रतिशत घटेको देखिन्छ।

# राष्ट्रिय स्तरका विकास बैंकको ४ अर्ब ५९ करोड खुद नाफा

काठमाडौं । राष्ट्रिय स्तरका विकास बैंकको नाफा २२ प्रतिशत बढेको छ । गत आर्थिक वर्षमा आठ विकास बैंकले साढे अर्ब नाफा कमाएका छन् । अघिल्लो आर्थिक वर्षमा ती बैंकहरुले ४ अर्ब ५९ करोड ६२ लाख रुपैयाँ खुद नाफा कमाएका थिए। तर, गत वर्ष भने २२.०१ प्रतिशत बढेर ५ अर्ब ६० करोड ७७ लाख ७१ हजार रुपैयाँ कायम भएको छ।

नाफामा मुक्तिनाथ विकास बैंकले पहिलो बनेको छ। बैंकले एकै वर्ष १ अर्ब ५३ करोड ७४ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ। यो नाफा अघिल्लो आवको तुलनामा ३०.७० प्रतिशत धैरै हो । अघिल्लो वर्ष पनि बैंक १ अर्ब १७ करोड ६३ लाख रुपैयाँ नाफा कमाएको थियो । नाफा रकमको आधारमा दोस्रो स्थानमा गरिमा विकास बैंक छ । बैंककले पनि १ अर्ब ३१ करोड ३ लाख ९ ९२ हजार रुपैयाँ खुद नाफा कमाएको छ। नाफा वृद्धिदरका आधारमा भने गरिमा पहिलो छ । बैंकको नाफा २०१.९७ प्रतिशत बढेको देखिन्छ। अघिल्लो वर्ष बैंकले ४३ करोड ३९ लाख ५१ हजार रुपैयाँ मात्रै नाफा कमाएको थियो । यो वर्ष दुई विकास बैंक मुक्तिनाथ र गरिमा मात्रै अर्ब क्लबमा देखिएका छन्। नाफा रकमको आधारमा तेस्रो स्थानमा शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक छ । बैंकले गत वर्ष ६८ करोड ८६ लाख २९ हजार रुपैयाँ खुद नाफा कमाएको छ। अघिल्लो वर्ष पनि बैंकले ६८ करोड ५३ लाख रुपैयाँ नाफा कमाएको थियो।

चौंथो सूचीमा रहेको कामना सेवाले पनि नाफा ९.१९ प्रतिशत बढाएको छ । योसँगै गत वर्ष कामना सेवाको नाफा ६३ करोड ५२ लाख रुपैयाँ कायम भएको छ। यता, सांग्रिला डेभलपमेन्ट बैंकले पनि नाफा ६.५१ प्रतिशत बढाएर ५३ करोड ७० लाख ९५ हजार पुर्याएको छ। यस्तै, महालक्ष्मी विकास बैंकले पनि ५० करोड ६६ लाख ६५ हजार रुपैयाँ नाफा कमाएको छ । गत वर्ष लुम्बिनी विकास बैंकले भने ३७ करोड ९८ लाख रुपैयाँ खुद नाफा कमाएको छ। यद्यपि, यो नाफा अघिल्लो वर्षको तुलनामा ३०.१३ प्रतिशत कमी हो । अघिल्लो वर्ष बैंकले ५४ करोड ३६ लाख रुपैयाँ नाफा आर्जन गरेको थियो।